*"बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी"*

# बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन

## २०८२

भैरवी गाउँपालिका

**स्थानीय बाल अधिकार समिति**

दैलेख

**प्रकाशन समिति**

| | |
|---|---|
| **लेखन तथा सम्पादन** | : निर्मला कुमारी आचार्य |
| **सहयोगी** | : |
| **फोटो साभार** | : |
| **प्रकाशन प्रति** | : |
| **प्रकाशन मिति** | : मंसिर ४, २०८२ |
| **प्रकाशक** | : भैरवी गाउँपालिका, दैलेख। |

**मुद्रणः** नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि., सुर्खेत (☎०८३-५२०४२७)

**भैरवी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**भैरिकालिकाथुम, दैलेख**

कर्णाली प्रदेश, नेपाल

# शुभकामना

बालबालिका भविष्यका कर्णधार मात्रै होइन वर्तमानका साझेदार पनि हुन भन्ने मान्यताका साथ संङ्घ, प्रदेश र स्थानीय सरकार बालबालिकाको अधिकार तथा हकहितलाई सुनिश्चित गर्न क्रियाशील रहेको छ । बालबालिकाको जन्मजात पाउनु पर्ने हक, अधिकारलाई आफ्नो दायित्व तिनै तहका सरकारले नीतिगत रुपमा बाल अधिकार संरक्षणको विषयलाई आगाडि बढाइ रहेको स्थितिमा हाम्रो भैरवी गाउँपालिकाले पनि बालबालिकाको विषयमा संवेदनशील भएर २ वटा नीति तथा कार्यविधि जारी गरी कार्यान्वयनको कुरालाई जोड गरिरहेको छ । जस मध्ये बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन तथा एकिकृत सम्बन्धी कार्यविधि, २०८२ जारी गरि भैरवी गाउँपालिकालाई बालअधिकार प्रवर्द्धनमा जोड गर्ने सकारात्मक प्रयास गरेको छ यद्यपि बाल संरक्षणका सवालहरू बालविवाह, संरक्षणको समस्यामा रहेका बालबालिका, लागू औषध दुर्व्यसनी, बाल दुर्व्यवहार, कुपोषण, बाल यौनजन्य हिंसा, विद्यालय छाड्ने लगायतका समस्याहरू रहेका छन र यि समस्याहरूको न्यूनिकरण गर्न भैरवी गाउँपालिकामा स्थानीय बाल अधिकार समितिले आफ्नो काम, कर्तव्य र अधिकार अनुसार बाल संरक्षण तथा प्रवर्द्धन गर्दै आएको छ ।

यसै अनुरूप भैरवी गाउँपालिकाभित्रका बालबालिकाको अवस्था झल्कने गरि स्थिति प्रतिवेदन प्रकाशन गर्न लागेको र यसले यस पालिकामा बालबालिकाको विषयमा केन्द्रित रही प्रभावकारी कार्य सञ्चालनमा मदत पुर्याउने कुरामा मैले विश्वास लिएको छु, यस कार्यमा अहोरात्र खट्ने हाम्रो भैरवी गाउँपालिकाका बालकल्याण अधिकारी श्री निर्मला कुमारी आचार्य, कार्यमा संलग्न अन्य सम्पूर्ण कर्मचारीहरू एवं बालअधिकार प्रवर्द्धन कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नुहुने विकास साझेदार तथा सङ्घ संस्थाहरूलाई विशेष धन्यवाद सहित यस कार्यले बालबालिकाको विषयमा गति लिने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु ।धन्यवाद ।

**रिता कुमारी शाही**

अध्यक्ष

# भैरवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भैरिकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

# शुभकामना

बालअधिकारको विषयलाई व्यवहारिक हिसाबले प्रभावकारी रुपमा कार्यान्वयन गर्न बालबालिकाको वास्तविक अवस्था झल्कने गरि भैरवी गाउँपालिकाले बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन गरेकोमा असाध्यै खुसी लागेको छ । यसले हाम्रो भैरवी गाउँपालिकामा बालबालिकाको समग्र अवस्थाको सही तरिकाले प्रस्तुत गरि आगामी दिनहरूमा गति प्रदान गर्न मद्दत पुर्याउने कुरामा मैले विश्वास लिएकी छु । समाज बदल्नु छ भने बालबालिकामा लगानी गर्न आवश्यक छ भन्ने मान्यताका साथ भैरवी गाउँपालिकाले बालबालिकाको हक अधिकार संरक्षणको क्षेत्रमा स्थानीय सरकारको स्थापना देखि बालबालिकालाई प्राथमिकताको विषयमा राखेर विभिन्न नीति, कार्यक्रम र यसको व्यवहारिक कार्यान्वयनको कुरालाई जोडतोडले लागेको कुरा अवगतै छ । यस कार्यमा भैरवी गाउँपालिकाको नीति निर्देशनभित्र रही बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले पनि भैरवी गाउँपालिका भित्रका बालबालिकाहरुको क्षेत्रमा सहयोग पुग्ने गरि कार्यक्रम सम्पादन गरेको र आगामी दिनमा सहकार्य हुने कुरामा विश्वस्त छु ।

साथै भैरवी गाउँपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न सहजता हुने गरि स्थिति प्रतिवेदन प्रकाशन गर्न लागेकामा यस कार्यमा खट्नु हुने स्थानीय बाल अधिकार समितिका सदस्य सचिव एवं बालकल्याण अधिकारी श्री निर्मला कुमारी आचार्य लगायत यस कार्यमा संलग्न हुने सम्पूर्ण कर्मचारीहरू एवं अन्य स्थितिमा महत्वपूर्ण सहयोग गर्नुहुने अन्य विकास साझेदार, सङ्घ संस्थाहरू सबैलाई विशेष धन्यवाद व्यक्त गर्दछु । स्थिति प्रतिवेदन प्रकाशनले भैरवी गाउँपालिकामा बालअधिकारको प्रवर्द्धनको कार्यमा इट्टा थप्ने छ, भन्ने कुराको विश्वास गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

**देवी भण्डारी**
उपाध्यक्ष, भैरवी गाँउपालिका
एवम् संयोजक, स्थानीय बाल अधिकार समिति

**भैरवी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**भैरिकालिकाथुम, दैलेख**

कर्णाली प्रदेश, नेपाल

## शुभकामना

बाल अधिकार संरक्षण र प्रवर्द्धनका रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ ले तिन तहका संरचनाको स्पष्टता गरेको र संघमा राष्ट्रिय बाल अधिकार परिषद, प्रदेशमा प्रदेश बाल अधिकार समिति र स्थानीय तहमा स्थानीय बाल अधिकार समितिको संरचनाको नीतिगत स्पष्टता गरेको छ । बालबालिका सम्बन्धी ऐनको सहजताका लागि बालबालिका सम्बन्धी नियमावली, २०७८ पारित भई कार्यान्वयनमा रहेको स्थितिमा भैरवी गाउँपालिकाले पनि बालबालिका सम्बन्धी ऐनलाई आधार बनाई पालिकामा कार्यविधि तथा नियमहरु पारित गरि कार्यान्वयनमा रहेका छन् । बालबालिकाको जन्मजात पाउनु पर्ने अधिकार तथा हकलाई आफ्नो दायित्व तिनै तहका सरकारले नितिगत रुपमा बाल अधिकार संरक्षणको विषयलाई अगाडि बढाई रहेको स्थितिमा हाम्रो भैरवी गाउँपालिकाले पनि बालबालिकाको विषयमा संबेदनसिल भएर निर्मित कानुन कार्यान्वयनको कुरालाई जोड गरिरहेको छ । जस मध्ये बालबालिकाको हकअधिकार संरक्षण प्रवर्द्धन तथा एकिकृत कार्यविधि, २०८२ जारी गरि भैरवी गाउँपालिकालाई बालअधिकार प्रवर्द्धनमा जोड गर्ने सकारात्मक प्रयास गरेको छ ।यद्यपि बाल संरक्षणका सवालहरूमा बालबालिकालाई दिगो प्रभाव पार्ने कार्यमा योजना बनाई जोड गरेको छ ।

यसै अनुरूप भैरवी गाउँपालिकाभित्रका बालबालिकाको अवस्था झल्कने गरि स्थिति प्रतिवेदन प्रकाशन गर्न लागेको र यसले पालिकामा बालबालिकाको विषयमा केन्द्रीकृत रही प्रभावकारी कार्य सञ्चालनमा मदत पुर्याउने कुरामा मैले विश्वास लिएको छु, यस कार्यमा अहोरात्र खट्ने हाम्रो भैरवी गाउँपालिकाका बालकल्याण अधिकारी लगायत सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद सहित यस कार्यले बालबालिकाको विषयमा गति लिने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

**भक्त बहादुर मल्ल**

प्रमुख प्रशासकीय अधिकृत

# प्राक्कथन

बालअधिकार संरक्षण तथा प्रवर्द्धन गर्न सरकारका तिनै तहका संयन्त्रहरू क्रियाशील रही नीतिगत रुपमा स्पष्ट गरेका कानुनी व्यवस्थालाई सहकार्य र सहजीकरण गर्न गराउनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि स्पष्ट गरेको छ । साथै बालबालिका सबन्धी नियमावली, २०७८ को नियम ९१ को (३) मा स्थानीय बाल अधिकार समितिले सम्बन्धित स्थानीय तहमा बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरि बालबालिका सम्बन्धी स्थानीय प्रतिवेदन सम्बन्धित गाउँ कार्यपालिकाको स्वीकृत लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र सार्वजनिक गर्नु पर्ने छ भन्ने कुरा स्पष्ट गरेको छ । कानुनी कुरा व्यवहारिक रुपमा प्रयोगका लागि भैरवी गाउँपालिकाले २ वटा बालबालिका सम्बन्धी कानुन तथा कार्यविधि पारित गरि कार्यान्वयनको अवस्थामा रहेको अवस्थामा पालिकामा बालबालिकाको वास्तविक अवस्था पहिचान गरि समाधानको दिशातिर जाने प्रयास गरेको छ ।

भैरवी गाउँपालिकाले २०८२ साल देखि कार्यविधिमा आधारित रहि बालबालिकाको सवालहरूमा केन्द्रीकृत रुपमा बालबालिकाको हक अधिकार संरक्षणका लागि सकारात्मक गतिविधि सञ्चालन गर्दै आएको र यस प्रतिवेदनमा पनि पालिकाले गरेका गतिविधिहरू समेट्ने प्रयास गरिएको छ । प्रतिवेदन पहिलो पटक प्रकाशित हुन लागेकोले आर्थिक वर्ष २०८१/०८२ सम्म बालबालिकाको क्षेत्रमा भएका कार्यहरु उल्लेख गरिएको छ । जसमा गाउँपालिकाभित्रका बालबालिका सम्बन्धी बनेका कानुन तथा कार्यविधि, बालअधिकारको क्षेत्रमा काम गर्ने संयन्त्रहरुको अवस्था, पालिकाले बालबालिकाको क्षेत्रमा गरेको लगानी एवं बालबालिका केन्द्रित गतिविधि, बालअधिकार संरक्षणका विषयहरू, बालबालिकाको शिक्षामा पहुँच, बाल सहभागिताको अवस्था लगायतका विषयहरू यस प्रतिवेदनमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

यस प्रतिवेदनमा बालबालिकाको वास्तविक अवस्था झल्कने गरि टेबल, ग्राफ एवं अनुसूची मार्फत अवस्था विश्लेषण गर्ने प्रयास गरिएको छ । जसमा बालबालिकाको उमेरगत अवस्थालाई ग्राफबाट चित्रण गरिएको छ भने ४१ वटा टेबल र १ वटा ग्राफमा विवरणात्मक विश्लेषण रहेको छ । साथै अनुसूची १ र २ मा बालबालिका सम्बन्धी संयन्त्रको विषयमा उल्लेख गर्ने प्रयास भएको र यस कार्यले बालबालिकासँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गरेर काम गर्न पालिका, विकास साझेदार लगायत सम्बन्धित सरोकारवालाहरूलाई प्रतिवेदन उपयोगी हुने मैले विश्वास लिएको छ ।

बाल अधिकार सबैको सरोकारको विषय बने मात्र हाम्रो समाज दीर्घकालीन रुपमा विकासको गति लिन सक्छ भन्ने कुरालाई आत्मसाथ गर्दै भैरवी गाउँपालिकाले बालबालिकालाई प्राथमिकताको विषयमा राखेर अगाडि बढिरहेको कुरामार्फत सकारात्मक रुपमा लिन सकिन्छ । बालबालिकाको स्थितिपत्र प्रकाशन गर्ने कार्यमा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारी, सङ्घ संस्था एवं **UNICEF** कर्णाली प्रदेश बाल संरक्षण अधिकृत केशव चालिसेलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै हाम्रा बालबालिकाको उत्तरोत्तर प्रगतिको एवं उज्वल भविष्यको शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८२ भदौ १९ गते

**निर्मला कुमारी आचार्य**
बालकल्याण अधिकारी

# विषयसूची

## परिच्छेद-एक
## बालअधिकार सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था


१.१ परिचय १
१.२ बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू १
१.३ बालबालिका सम्बन्धी प्रत्यक्ष सरोकार राख्ने राष्ट्रिय कानून तथा नीतिहरू १
१.४ प्रादेशिक कानूनी र नीतिगत व्यवस्था ४
१.५ स्थानीय तहको कानूनी र नीतिगत व्यवस्था ४
१.६ भैरवी गाउँपालिकाको बालबालिकाको संख्या ५
१.७ भैरवी गाउँपालिकाको बालबालिकाको प्रक्षेपित जनसंख्या ६
१.८ भैरवी गाउँपालिकाको बाल संरक्षण संयन्त्रको अवस्था ७
१.९ भैरवी गाउँपालिकाको आ.व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट वक्तव्यमा महिला तथा बालबालिका शाखा ९


## परिच्छेद-दुई
## बालबालिकाको बाँच्न पाउने अधिकार


२.१ खोप १२
२.२ बाल मृत्युदर १३
२.३ बाल पोषणको अवस्था १४
२.४ मातृ मृत्युदरको अवस्था १६
२.५ मानसिक स्वास्थ्य र आत्महत्याको अवस्था १६
२.६ संक्रामक तथा नसर्ने रोग र बालबालिका १७


## परिच्छेद-तीन
## बालबालिकाको संरक्षणको अधिकार


३.१ बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार १८
३.२ अपाङ्गता भएका बालबालिका २०
३.३ बालशोषणको अवस्था २२
३.४ बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार २५
३.५ कानूनी विवादमा परेका बालबालिका २९
३.६ विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा वैकल्पिक स्याहार ३०

३.७ पारिवारिक सहायता र सामाजिक सुरक्षा ३४

## परिच्छेद-चार
## बालबालिकाको शिक्षा तथा विकास सम्बन्धी अधिकार

४.१ पृष्ठभूमी ३६
४.२ प्रारम्भिक बाल विकास केन्द्र र बालबालिका ३६
४.३ विद्यालय, विद्यार्थी, शिक्षक र भर्नादर ३८
४.४ विद्यालय शिक्षामा दलित, जनजाति र अपाङ्गता भएका बालबालिका ४०
४.५ नियमित विद्यालय जाने बालबालिका र टिकाउ दर ४१
४.६ सामुदायिक अध्ययन केन्द्र ४२
४.७ माध्यमिक शिक्षा परीक्षा ४२

## परिच्छेद-पाँच
## बालबालिकाको सहभागिता, सङ्गठन तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार

५.१ पृष्ठभूमी ४३
५.२ स्थानीय तहको योजना तर्जुमामा बाल सहभागिता ४४
५.३ बालक्लब र बालक्लब सञ्जाल ४४
५.४ बालमैत्री स्थानीय शासन ४५
५.५ खेलकुद र बालबालिका ४६

## परिच्छेद-छ
## विविध

६.१ बाल संरक्षण सहयोग वितरण ४७
६.२ बाल संरक्षण घटना व्यवस्थान सूचना प्रणालीको प्रयोग ४८
६.३ शसक्त महिलाः समृद्ध नेपाल (EWPN) कार्यक्रम र बाल संरक्षण ४८

## परिच्छेद - सात
## निष्कर्ष

७.१ मुख्य उपलब्धी ५०
७.२ समस्या र चुनौति ५१
७.३ आगामी योजना ५२
**अनुसूचीहरू** **५४**

परिच्छेद-एक

# बालअधिकार सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

## १.१ परिचय

संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि, १९८९ लाई नेपालले २०४७ साल भदौ २९ गते (९ सेप्टेम्बर १४, १९९०) बिनाशर्त अनुमोदन गरी नेपालमा बाल अधिकार सुनिश्चितका लागि प्रतिवद्धता जनाएको छ । यसै अनुरूप नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरी बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिको रूपमा अंगिकार गरेको छ । नेपालको संवैधानिक व्यवस्था कार्यान्वयनका लागि बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति एवं पालनाका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत अन्य विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरू कार्यान्वयनमा रहेका छन् ।

## १.२ बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू

मानब अधिकार सम्बन्धी ९ मुख्य महासन्धिहरूमध्ये नेपाल ७ वटा महासन्तिधहरूको पक्षराष्ट्र हो । सो मध्ये बाल अधिकार सम्बन्धी मुख्य महासन्धि संयुक्त राष्ट्र सघीय बाल अधिकार महासन्धि १९८९ हो । यसैगरी २ वटा ऐच्छिक *प्रलेखहरू सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेख, २००० र बालबालिकाको बेचविखन, यौन शोषण तथा अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख, २०००* लाई अनुमोदन गरेको छ । यसका अतिरिक्त महिला र बालबालिकाको बेचविखन नियन्त्रण गर्ने सम्बन्धी प्रलेख २००० (पार्लेमो प्रोटोकल) लाइ समेत अनुमोदन गरेको छ । आइएलओ अन्तर्राष्ट्रिय श्रम संगठनको श्रममा प्रवेश गर्ने सम्बन्धी न्यूनतम उमेर सम्बन्धी महासन्धि १३८ र निकृष्ट बालश्रम उन्मुलन गर्ने महासन्धि १८२ को अनुमोदन गरेको छ ।

बालबालिकाको हित प्रवर्दधनका लागि क्षेत्रीय प्रवन्ध गर्ने सार्क अभिसन्धि २००२ र बेश्यावृत्तिका लागि महिला तथा बालबालिकामा हुने बेचविखन रोकथाम तथा नियन्त्रण गर्ने सार्क अभिसन्धि २००२ लाइ नेपालले अनुमोदन गरेको छ ।

## १.३ बालबालिका सम्बन्धी प्रत्यक्ष सरोकार राख्ने राष्ट्रिय कानून तथा नीतिहरू

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरी बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिको रूपमा अंगिकार गरेको छ ।

नेपालको संवैधानिक व्यवस्था कार्यान्यनका लागि बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालनाका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत अन्य विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरू कार्यान्वयनमा रहेका छन् । नेपालको संविधानको मौलिक हक, राज्यको नीति, नागरिकता, मानव अधिकार आयोग सम्बन्धी व्यवस्थाहरू प्रत्यक्ष रूपमा बालबालिकाको अधिकारसँग जोडिएका छन् । बालबालिका सम्बन्धी व्यवस्थाले संवैधानिक रूपमा राज्यका हरेक कानून, नीति, योजना, कार्ययोजना र कार्यक्रमहरूमा बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता, बालबालिकाको शारीरिक र मानसिक सम्पूर्णताको सम्मान र संरक्षण तथा बालउत्तरदायी न्यायको सुनिश्चितता, बालबालिकाको आधारभूत आवश्यकता र विकासका अवसरहरूमा समान हकको सुनिश्चितता, बालबालिकालाई स्वतन्त्रतापूर्वक आफ्नो विचार निर्माण गर्ने, अभिव्यक्त गर्ने र संगठित हुन पाउने हकको सुनिश्चिता गरेको छ । नेपालमा बालबालिकाको हक हित र अधिकारको संरक्षणका लागि कार्यावयनमा रहेका विद्यमान केही कानूनी व्यवस्थाहरू तल प्रस्तुत गरिएको छ ।

**तालिका १ बालबालिका सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था**

| संविधान तथा कानूनहरू | नीति, रणानीति तथा योजनाहरू |
|---|---|
| नेपालको संविधान, (२०७२) | बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०८० |
| बालबालिकासम्बन्धी ऐन, २०७५ | दोस्रो १० वर्षीय बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | राष्ट्रिय शिक्षा नीति, २०७६ |
| नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ | राष्ट्रिय विज्ञान, प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ |
| बालश्रम (निषेध र नियमित) ऐन, २०५६ | विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ |
| नेपाल नागरिकता ऐन, २०६३ | प्रारम्भिक बालविकास सम्बन्धी राष्ट्रिय रणनीति, २०७७-२०८८ |
| मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ | अपाङ्गता राष्ट्रिय नीति तथा कार्ययोजना, २०७३-२०८२ |
| अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४ | बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति तथा कार्यविधि, २०७४ |
| मुलुकी देवानी कार्यविधि संहिता, २०७४ | राष्ट्रिय स्वास्थ्य नीति, २०७६ |
| मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारूप, २०७७ |

| संविधान तथा कानूनहरू | नीति, रणानीति तथा योजनाहरू |
|---|---|
| श्रम ऐन, २०७४ | मानसिक समस्या व्यवस्थापनका लागि मनोसामाजिक परामर्र्श/विमर्श सेवा सम्बन्धी एकीकृत कार्ययोजना, २०७७ |
| अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ | राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ |
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ | शिक्षा क्षेत्रको योजना (२०७८-८७) |
| अपराध पीडित संरक्षण ऐन, २०७५ | विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ |
| जनस्वास्थ्य ऐन, २०७५ | बालमैत्री सञ्चार निर्देशिका, २०७३ |
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ | बालबालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन, २०७४ |
| सामाजिक सुरक्षा ऐन, २०७५ | बालगृह सञ्चालन कार्यविधि, २०७५ |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ | अनलाइन बाल सुरक्षा निर्देशिका, २०७६ |
|  | बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६ |
|  | बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ |
|  | बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६ |
|  | बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६ |
|  | सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ |
|  | बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ |

## १.४ प्रदेशिक कानूनी र नीतिगत व्यवस्था

बालबालिकाको हक, हित र अधिकारको लागि कर्णाली प्रदेशले विभिन्न कानुनी तथा नीतिगत व्यवस्थाहरू गरेको छ । संघीय ऐन तथा कानूनी व्यवस्थाहरूको परिपुरक हुनेगरी

तथा प्रदेशको विशिष्टिकृत आवश्यकताको आधारमा कर्णाली प्रदेश सरकारद्धारा बालबालिकाको क्षेत्रमा गरिएका कानूनी तथा नीतिगत प्रयासहरू गरिएको छ ।

कर्णाली प्रदेशमा कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ कार्यान्वयनमा रहेको छ । यस ऐनले बालबालिकाको स्वास्थ्यको अधिकार सम्बोधन गरेको छ । ऐनमा प्रत्येक ५ वर्षका लागि प्रदेश सरकारले स्वास्थ्य योजना बनाउनु पर्ने, पुर्वाधार विकासको सन्दर्भमा आशयपत्रमा नै भौतिक संरचनाहरू निर्माण गर्दा, जेष्ठ नागरिक, अपांगता तथा लैगिंक पहुँचयुक्त हुने सुनिश्चित गर्नुपर्ने, प्रदेश भित्र सञ्चालित अस्पतालहरूले २४ घण्टा आफुमा उपलव्ध स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने, २ वर्षमुनीको बालबालिकाको लागि उक्त बच्चाको आमाको दुध र आमा नभएमा प्रदेश सरकारले सुरक्षित एवम् पर्याप्त पोषणको व्यवस्था गर्ने, स्वास्थ्य संस्थाले आफुमा उपलव्ध भएको जम्मा बेड शैयाको १० प्रतिशत शैया गरीव, विपन्न तथा असहाय वर्गलाई निशुल्क उपलव्ध गराउनुपर्ने लगायतका व्यवस्थाहरू सुनिस्चित गरेको छ ।

यसैगरी कर्णाली प्रदेश सरकारले बालबालिकाको अधिकारको संरक्षण र प्रर्वद्धनका लागि विभिन्न कार्यविधिहरू समेत जारी गरी कार्यान्वयनमा रहेको छ । बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी प्रदेशमा रहेका कार्यविधिहरूको सूची तल प्रस्तुत गरिएको छः

(क) प्रदेश बाल अधिकार समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०
(ख) एकीकृत छात्रबृत्ति विवरण तथा व्यवस्थापन कार्यविधि, २०८१
(ग) मुख्यमन्त्री डिजिटल शिक्षा र नमूना विद्यालय कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
(घ) बैंक खाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
(ङ) एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

## १.५ स्थानीय तहको कानूनी र नीतिगत व्यवस्था

भैरवी गाँउपालिकामा बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण तथा सहभागिता सम्बन्धी विषयमा विभिन्न विषयगत कानूनी तथा नीतिगत व्यवस्थाहरू गरिएका छन् । गाँउपालिकामा बालसंरक्षण तथा सहभागिताको सन्दर्भमा निर्माण भएका कानूनी तथा नीतिगत व्यवस्थाको तल चर्चा गरिएको छः

### (क) बाल अधिकार संरक्षण प्रवर्द्धन तथा एकिकृत कार्यविधि, २०८२

बालबालिका सम्बन्धी ऐन २०७५ तथा नियमावलीले निर्दिष्ट गरेबमोजिम भैरवी गाउँपालिका बाल अधिकार संरक्षण प्रवर्द्धन तथा एकिकृत कार्यविधि, २०८२

स्वीकृत भइ कार्यान्वयनमा रहेको छ । यस कार्यविधिले निम्न विषयहरू समेटेको छ ।

(क) बालकल्याण अधिकारी सम्बन्धी व्यवस्था

(ख) स्पष्ट कार्यदिश सहितको स्थानीय तथा वडा बाल अधिकार समितिको व्यवस्था

(ग) विशेष संरषणको आवश्यकता भएका बालबालिकाको उद्धार पश्चात राख्नका लागि अस्थायी संरक्षण सेवा सम्बन्धी व्यवस्था

(घ) बाल संरक्षण सेवा प्रवाहका लागि बालकोषको स्थापना तथा परिचालन सम्बन्धी व्यवस्था

(ङ) बाल संरक्षण घटना व्यवस्थापनका कार्यमा सहयोग तथा सहजीकरणका लागि समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण तथा परिचालन सम्बन्धी व्यवस्था

(च) बाल हेल्पलाइन तथा बालबलिका खोजतलास सेवा लगायतका बाल संरक्षण संयन्त्रसँगको समन्वय सम्बन्धी व्यवस्था ।

उल्लेखित व्यवस्थाहरूको अतिरिक्त कार्यविधिले बालबालिकाको संरक्षण तथा अधिकार प्रवर्धनका लागि बालक्लब दर्ता तथा नवीकरण, बैकल्पिक हेरचाहको व्यवस्थापन, सूचना प्रणाली सञ्चालन एवम् समग्र बाल अधिकार प्रवर्द्धनका व्यवस्थाहरू समेत समेटेको छ ।

**(ख) बालकोष सञ्चालन कार्यविधि, २०८२**


विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यकता लेखाजोखाका आधारमा स्थानीय बाल अधिकार समिति तथा बालकल्याण अधिकारीले निर्णय गरे बमोजिमको सहयोग प्रदान गर्नका लागि स्थापना गरिएको बालकोषको सञ्चालनका लागि यो कार्यविधिमा प्रकृयागत व्यवस्था गरिएको छ । बालकोष परिचालनका मापदण्ड, सिमा र प्रकृया यसमा समेटिएको छ ।

## १.६ भैरवी गाउँपालिकाको बालबालिकाको संख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कूल जनसंख्या २,९१,६४,५७८ रहेको छ। जसमा महिला र पुरुषको लैङ्गिक अनुपात ९५.५९ रहेको छ। २०७८ सालको जनगणना अनुसार १८ वर्ष मुनिका बालबालिकाको संख्या ९८ लाख ६९ हजार ५ सय ८३ रहेको छ भने भैरवी गाउँपालिकाको बालबालिकाको संख्या ८ हजार २ सय ३८ रहेको जसमध्ये बालक ४ हजार १२ र बालिका ४ हजार २ सय २६ रहेका छन्।

भैरवी गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८ को  उमेर समूह अनुसारको बालबालिकाको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*ग्राफ १: भैरवी गाउँपालिकाको बालबालिकाको संख्या*




*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

उल्लेखित तालिका अनुसार भैरवी गाँउपालिकामा सबैभन्दा धेरै ५ वर्षसम्मका बालबालिका कूल २६६७ जना रहेको देखिन्छ भने सबैभन्दा कम १६ देखि १८ वर्षमुनिका बालबालिकाको संख्या ८१९ जना रहेको देखिन्छ । यसैगरी समग्र बालबालिकामा बालकको भन्दा बालिकाको संख्या २१४ जना बढी रहेको देखिन्छ । कूल जनसंख्यामा बालबालिकाको हिस्सा ४३.९० प्रतिशत रहेको देखिन्छ जुन राष्ट्रिय औषत (३३.८४ प्रतिशत) र कर्णाली प्रदेशको प्रादेशिक औषत (४०.०९) भन्दा धेरै हो ।

## १.७ भैरवी गाउँपालिकाको बालबालिकाको प्रक्षेपित जनसंख्या

भैरवी गाँउपालिकामा बालबालिकाको संख्या घट्दो दरमा रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार पालिकामा जम्मा ८२३८ जना बालबालिकाको संख्या रहेकोमा प्रक्षेपित जनसंख्या अनुसार २०८२ (सन् २०२५) मा यो संख्या ७४१ जना घटेर ७४९७ जनामा सिमित भएको देखिन्छ ।  भैरवी गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८ तथा प्रक्षेपित

जनसंख्या २०८२ (सन् २०२५) को उमेर समूह अनुसारको बालबालिकाको तुलनात्मक अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका -२**

**राष्ट्रिय जनगणना २०७८ र प्रक्षेपित जनसंख्या २०८२ तुलनात्मक अवस्था**

| उमेर समूह | राष्ट्रिय जनगणना २०७८ | | | प्रक्षेपित जनसंख्या २०८२ | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| ० देखि ५ वर्षसम्म | १३१८ | १३४९ | २६६७ | १३७३ | १३२६ | २६९९ |
| ६ देखि १० वर्षसम्म | १०८५ | ११८० | २२६५ | १००३ | ९९२ | १९९५ |
| ११ देखि १५ वर्षसम्म | १२४९ | १२३८ | २४८७ | ९४८ | १०५१ | १९९९ |
| १६ देखि १८ वर्षसम्म | ३६० | ४५९ | ८१९ | ३६३ | ४४१ | ८०४ |
| **जम्मा बालबालिकाको जनसंख्या** | **४०१२** | **४२२६** | **८२३८** | **३६८७** | **३८१०** | **७४९७** |
| पालिकाको कूल जनसंख्या | ८५८४ | १०१८३ | १८७६७ | ७५३५ | ९८३९ | १७३७४ |
| **कूल जनसंख्यामध्ये बालबालिकाको प्रतिशत** | **४६.७४%** | **४१.५०%** | **४३.९०%** | **४८.९३%** | **३८.७२%** | **४३.१५%** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८&*
*Population Projection | National Population and and Housing Census 2021 Results*

माथिको तालिकाबाट भैरवी गाँउपालिकामा २०७८ देखि २०८२ सम्मको प्रक्षेपित जनसंख्याको अविथा हेर्दा ५ वर्षको अवधिमा कूल जनसंख्यामा १३९३ जनाले कमी आएको देखिन्छ भने बालबालिकाको संख्यामा ७४१ जनाले घटेको देखिन्छ जुन कूल घटेको जनसंख्याको (१३९३) ५३.१९ प्रतिशत हुन आउछ । बालबालिकाको संख्यामध्ये ६ देखि १७ वर्ष उमेर समूहको बालबालिकाको संख्या ७७३ जना घटेको छ भने ५ वर्षसम्मका बालबालिकाको संख्या भने ३२ जना बढेको देखिन्छ । यसैगरी लैङ्गिक आधारमा बालबालिकाको जनसंख्या विश्लेषण गर्दा यो ५ षर्षको अवधिमा बालकको प्रतिशत ४८.७० बाट बढेर ४९.१८ प्रतिशत पुगेको देखिन्छ भने बालिकाको प्रतिशत रूपमा घट्दै ५१.३० प्रतिशतबाट ५०.८२ प्रतिशतमा पुगेको देखिन्छ ।

## १.८ भैरवी गाउँपालिकाको बाल संरक्षण संयन्त्रको अवस्था

बालबालिका सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहमा बालबालिका सम्बन्धी कार्यविधि निर्माण, बालकल्याण अधिकारीको नियुक्ति, बालकोषको स्थापना, समाजसेवी र बालमनोविज्ञ सूचिकृत, अस्थायी संरक्षण सेवाको प्रबन्ध लगायतका संयन्त्रको व्यवस्था गरेको छ । सो

व्यवस्था कार्यान्वयनका लागि भैरवी गाउँपालिका भएका संयन्त्र अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-३**

**बाल संरक्षण संयन्त्रको अवस्था**

| क्र. सं. | संयन्त्र | अवस्था | पदाधिकारी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय बाल अधिकार समिति | मिति २०८१ साल जेठ २२ गते गठन भएको | १५ जना | उपाध्यक्षको संयोजकत्व |
| २ | वडा बाल अधिकार समिति | ७ वटै वडामा गठन भएको | ८९ जना | १४ जना बालबालिकाको सहभागिता रहेको |
| ३ | बालकल्याण अधिकारी | मिति २०८० साल पौष २३ गते तोकिएको | १ | |
| ४ | बालकोष | स्थापना भएको | | आव २०८१/८२ सम्ममा १,३०,०००/- रहेको |
| ५ | समाजसेवी र बालमनोविज्ञ | प्रकृयामा रहेको | | |
| ६ | अस्थायी संरक्षण सेवाको प्रवन्ध | प्रकृयामा रहेको | | |
| ७ | बाल संरक्षण मापदण्ड | प्रकृयामा रहेको | | |

*स्रोतः भैरवी गाउँपालिका, २०८२*

समाजसेवी र बालमनोविज्ञ सूचीकृतका लागि सूचनाको क्रममा रहेको छ । अस्थायी संरक्षण सेवा प्रदायक संस्था नभएको पालिका आफैले सञ्चालन गरेको अवस्था नरहेको अन्य क्षेत्रका अस्थायी संरक्षण प्रदायकसँग सहकार्य गरी अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्ने गरिएकोमा पालिका भित्र यो सेवा व्यवस्थापनका लागि प्रकृयामा रहेको छ ।

पालिकामा गठन भएका स्थानीय तह तथा वडा स्तरीय बाल अधिकार समितिका पदाधिकारीको विवरण अनुसूची- १ मा उल्लेख गरिएको छ ।

## १.८ भैरवी गाउँपालिकाको आ.व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट वक्तव्यमा महिला तथा बालबालिका शाखा

भैरवी गाउँपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, बाल संरक्षण, बाल विकास, बाल सहभागिता लगायतका विषयहरू सम्बोधन भएको छ । जसमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विस्तृत रणनीतिक कार्ययोजना अनुसार बजेटको व्यवस्थापन भएको छ । यसैगरी बजेट वक्तव्यमा समग्र बालबालिकाको हक हित र अधिकारको विषयहरू समावेश भएका छन् । यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-४**

**नीति तथा कार्यक्रममा बालबालिकाका विषयहरू**

| | सम्बोधन भएको विषयहरू |
|---|---|
| ➢ | ७ वटै वडाका आधारभूत/स्वास्थ्य चौकीमा आवश्यक पर्ने अत्यावश्यक औषधी खरिदका लागि बजेट व्यवस्था गरिएको छ । |
| ➢ | बाल पोषणमा सुधार ल्याउन पालिकालाई पोषणमैत्री पालिका घोषणा प्रक्रिया अघि बढाइनेछ । |
| ➢ | सुरक्षित सुत्केरी आमा सुरक्षित जन्म वर्थिङ्ग सेन्टरको अभियान सञ्चालन गरी यस गाउँपालिकालाई zero home delivery को व्यवस्था गरिने छ । |
| ➢ | ५ वर्ष मुनिका बालबालिकाहरूमा पोषण स्थिति सुधार गर्न आमा समूहहरू लाई सक्रिय बनाइनेछ । |
| ➢ | पूर्ण खोपयुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्यका साथ आवश्यक विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छ । |
| ➢ | ग्रामिण क्षेत्रको पोषण अवस्थामा सुधार ल्याउन गाउँपालिका तथा सबै विकास साझेदार निकायहरूको सहयोगमा सुनौला हजार दिनका आमा बच्चा र किशोरिहरू रहेका विपन्न घर परिवार हरूलाई पहिलो प्राथमिकता दिई बालमृत्यु दर मातृमृत्युदर र कुपोषण न्यूनीकरण गर्दै पोषणमैत्री टोल बस्ती वडा र स्थानीय तह |

| | सम्बोधन भएको विषयहरू |
|---|---|
| | घोषणालाई अभियानकै रूपमा सञ्चालन गरी सेवाको पहुँच र गुणस्तरमा जोड दिइने छ । |
| ➢ | बालविकास कक्षामा अध्ययनरत बालबालिकाहरूका लागि सिकाई अभिवृद्धि गराउन बाल विकास केन्द्रको सञ्चालन र व्यवस्थापनको लागि अनुदान तथा सामाग्री खरिदका साथै इसिडि कर्नरको व्यवस्था गरिने छ । |
| ➢ | विद्यालयमा अध्ययनरत दलित अपाङ्गता भएका र जेहेन्दार बालबालिकाहरूका लागि श्रोतको व्यवस्थापन गरी उच्च शिक्षा छात्रवृती प्रदान गर्ने साथै निश्चित समय आफ्नो पालिकामा सेवा गर्ने शर्तमा डाक्टर इन्जिनियर जस्ता विषयमा अनुदान सहयोग गर्ने नीति बनाइने छ । |
| ➢ | वि.सं. २०८४ सम्म यस गाउँपालिकालाई बालमैत्री स्थानिय शासन घोषणाको अभियान लाई मुर्तरूप दिइने छ । |
| ➢ | बालअधिकार तथा बाल संरक्षणका लागि स्थानिय बाल अधिकार समिति मार्फत विविध कार्यक्रम सञ्चालन गरिने छ । |
| ➢ | अनाथ बालबालिकाको संरक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ । |
| ➢ | अनाथ तथा दलित बालबालिकाहरूको सहारा अध्यक्ष कार्यक्रम तर्जुमा गरिने छ । |
| ➢ | वडा अध्यक्षहरू सँग अपाङ्गता बालबालिका कार्यक्रम सञ्चालन गरिने छ । |
| ➢ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता कार्यक्रमका लागि बजेट व्यवस्थापन गरिएको छ । |
| ➢ | बालदिवस तथा सचेतना कार्यक्रम |
| ➢ | अति विपन्न तथा दलित बालबालिकाका लागि शैक्षिक सामाग्री वितरण कार्यक्रम |
| ➢ | बालविवाह न्यनिकरण र लागु औषध दुर्वसनि न्युनिकरण cyber crime सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ । |

*स्रोतः भैरवी गाउँपालिका, २०८२*

**तालिका-५**

**बजेट वक्तव्यमा बालबालिकाका विषयहरू**

| | सम्बोधन भएको विषयहरू |
|---|---|
| ➢ | असहाय अपाङ्गता र अनाथ बालबालिकालाई शैक्षिक सामाग्री वितरण कार्यक्रम |
| ➢ | कुपोषित बालबालिकालाई पोषिलो खाना प्रर्दशनि तथा पोषिलो सामाग्री वितरण |

| | सम्बोधन भएको विषयहरू |
|---|---|
| ➢ | मनोपरामर्श/विमर्श तालिम सञ्चालन |
| ➢ | बालबालिका लक्षित कार्यक्रम |
| ➢ | बालक्लब सञ्चालन तथा पुर्नगठन |
| ➢ | बालकोष परिचालन |
| ➢ | बालमैत्रि स्थानिय तहको लागि कार्ययोजना तथा अभियान सञ्चालन |
| ➢ | बालविवाह अन्त्यको लागि मावि स्तरिय वक्तित्वकला प्रतियोगिता सञ्चालन |
| ➢ | बालबालिकाको स्थितिपत्र प्रकाशन |
| ➢ | गरिब तथा विपन्न परिवारका विद्यार्थिलाई छात्रवृति वितरण कार्यक्रम |
| ➢ | बालमैत्रि वडा घोषणा कार्यक्रम (वडा नं. ३) |

*स्रोतः भैरवी गाउँपालिका, २०८२*

### परिच्छेद-दुई

# बालबालिकाको बाँच्न पाउने अधिकार

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ६ अन्तरगत बालबालिकाको दीर्घ जीवन र विकास एवम् धारा २४ अन्तरगत स्वास्थ्य सम्बन्धी अधिकारमा बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकार सम्बन्धी व्यवस्था सुनिश्चित गरिएको छ । नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरिएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा जीवन पथको अवधारणा अनुरूप सुरक्षित मातृत्व, बाल स्वास्थ्य सेवाको विकास तथा विस्तार गरिने नीति समावेश भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को गाउँपालिका तथा नगरपालिकाको अधिकार अर्न्तगत आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी आवश्यक नीति निर्माण तथा व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिइएको छ । यसका साथै दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा, विश्वव्यापी मातृमृत्युदरमा ७० (प्रत्येक १ लाख जीवित जन्ममा) भन्दा कम गर्ने, नवजात शिशुहरू र पाँच वर्षमुनिका बालबालिकाहरूको रोक्न सकिने मृत्युलाई अन्त्य गर्ने लगायतका लक्ष्यहरू रहेका छन् । उल्लेखित कानूनी व्यवस्थाको कार्यान्वयनका लागि गाउँपालिका निरन्तर प्रयासरत रहेको छ । यस परिच्छेदमा भैरवी गाउँपालिका बालबालिकाको स्वास्थ्य सम्बन्धी अधिकारको कार्यान्वयनको अवस्था प्रस्तुत गरिएको छ ।

## २.१ खोप

बालबालिकाले खोप लगाउन पाउने नैसर्गिक अधिकारको कार्यान्वयनका लागि नेपाल संवेदनशील रहेको छ । दक्षिण एसियाली देशहरू मध्ये राष्ट्रिय खोप ऐन लागू भएको नेपाल पहिलो देश हो । विभिन्न रोगबाट बालबालिकालाई संरक्षण गरी स्वस्थ राख्नका लागि खोप ऐन, २०७२ कार्यान्वयनमा छ । उक्त ऐनमा बालबालिकालाई खोप लगाउनु अनिवार्य रहेको छ ।

नेपालमा बालबालिकालाई क्षयरोगबाट बचाउनका लागि वि.सि.जि, भ्यागुते रोग, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी, हेमोफिलस इन्फ्लुएन्जा 'बी÷बाट बच्नका लागि डि.पि.टि. हेप बि हिब, पोलीयोमाइलाइटिसबाट बच्नका लागि ओ.पि.भी, न्यूमोनियाबाट बच्नका लागि पि.सी.भी.,दादुरा, रुवेलाबाट बच्नका लागि एम.आर.र जापानिज इन्सेफ्लाइटिस (मस्तिष्क ज्वरो) बच्नका लागि जे.ई. लगायतका १३ किसिमका खोप दिइने गरिएको छ । विगत

३ आर्थिक वर्षमा भैरवी गाउँपालिकामा विभिन्न किसिमका खोप पाउने बालबालिकाको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-६**

**भैरवी गाउँपालिका खोप पाएका बालबालिका**

| क्र.सं. | खोप | आव ७८/७९ | आव ७९/८० | आव ८०/८१ |
|---|---|---|---|---|
| १ | बिसिजी (१ वर्षमुनिका) | ३८२ जना | ३२६ जना | २७० जना |
| २ | डिपिटी-हेपB- हिव ३ (१ वर्ष मुनिका) | ४८९ जना | ३५४ जना | ३१४ जना |
| ३ | दादुरा/रुवेला (१२ देखि २३ महिना) | ४२५ जना | ३९४ जना | २८४ जना |
| ४ | पूर्ण खोप पाएका बालबालिका (%) | १०३% | ९५.६% | ६३% |

***स्रोतः*** *स्वास्थ्य शाखा भैरवी गाउँपालिका, २०८२*

भैरवी गाउँपालिकामा खोपबाट वञ्चित बालबालिकाहरू निकै कम रहेको र खोप नै नपाएका बालबालिका भन्दा पनि विविध कारणले खोपको मात्रा पुरा गर्न नसकेका बालबालिकाहरू केही रहेका छन् । यसको मुख्य कारण भनेको मौसमी बसाइसराइ रहेको छ ।

## २.२ बाल मृत्युदर

स्वास्थ्य क्षेत्रमा भैरवी गाउँपालिका हालसम्म भएका प्रगतिहरू उत्साहजनक रहेका छन् । नेपालले संयुक्त राष्ट्रसङ्घको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेको बेलादेखि हालसम्म आउँदा बाल स्वास्थ्यको क्षेत्रमा नवजात शिशु, शिशु र बाल मृत्युदरमा उल्लेख्य सुधार आएको छ । भैरवी गाउँपालिकाको बालमृत्युदरको तुलनात्मक अवस्थालाई तलको ग्राफमा प्रस्तुत गरिएको छः

**तालिका-७**

**भैरवी गाउँपालिका बाल मृत्युदरको अवस्था**

| मृत्युदरको प्रकार | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ |
|---|---|---|
| नवजात शिशु मृत्युदर | ३ जना | ३ जना |
| शिशु मृत्युदर | २ जना | १ जना |
| बाल मृत्युदर | ० | ० |

***स्रोतः*** *स्वास्थ्य शाखा भैरवी गाउँपालिका, २०८२*

भैरवी गाउँपालिकामा बालमृत्युदर अवस्था राष्ट्रिय औसतको तुलनामा राम्रो रहेको छ । यसको मुख्य कारण भनेको स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायहरूको प्रभावकारी रूपमा सक्रियता रहनु नै हो । विगतको तुलनामा बालमृत्युदर उल्लेख्य रूपमा कमी आएको छ । आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिका नवजात शिशु मृत्युदर ५० प्रतिशत भएतापनि आ.ब. २०८२/०८३ मा यो दर शून्य रहेको छ ।

## २.३ बाल पोषणको अवस्था

नेपालको संविधानले सबै नागरिकको खाना, स्वास्थ्य र पोषणको अधिकार सुनिश्चित गरेको छ । नेपाल सरकारले सबै प्रकारका कुपोषणको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय पोषण नीति, रणनीति र कार्ययोजनामा सुधार गर्दै कार्यान्वयन गरेको छ । दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा कुपोषणलाई तीन प्रतिशतमा र पाँच वर्ष मुनिका बालबालिकामा पाइने कम तौललाई नौ प्रतिशतमा झार्ने, सन् २०३० सम्ममा प्रजनन उमेरका महिलाहरू र बालबालिकामा रहेको रक्तअल्पतालाई १० प्रतिशतमा झार्ने लगायतका परिमाणात्मक लक्ष्यहरू राखिएको छ । भैरवी गाउँपालिका बालबालिकाको पोषणको तुलनात्मक अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका-८**

**बाल पोषणको अवस्था**

| पोषणको अवस्था | आव ७९/८० | आव ८०/८१ |
|---|---|---|
| बढी तौल भएको | - | - |
| ख्याउटेपन | - | - |
| कम तौल | १०६ जना | ११५ जना |
| पुड्कोपन | - | - |

***स्रोतः** स्वास्थ्य शाखा भैरवी गाउँपालिका, २०८२*

भैरवी गाउँपालिका दुई आर्थिक वर्षमा बालपोषण अवस्थालाई अध्ययन गर्दा बढी तौल र पुड्कोपन भएका बालबालिका नभएको तर ख्याउटेपन र कम तौल भएका बालबालिकाहरू रहेको स्वास्थ्य शाखाको तथ्याङ्कले देखाएको छ । कम तौल भएका बालबालिकाको संख्या आ.व. २०७९/८० मा १०६ जना रहेकोमा यो संख्या आ.व. २०८०/८१ मा करिब ८ प्रतिशतले वृद्धि भइ ११५ पुगेको देखिन्छ । यसको प्रमुख कारण पालिकामा बालविवाहका

कारण उमेर नपुगी बच्चा जन्माउनु हो भने अर्को कारण खानपानमा सन्तुलित भोजनको अभाव हुनाले ख्याउटेपन र उमेर अनुसार कम तौल भएको पाइन्छ ।

मातृशिशु तथा बालबालिकाको पोषण स्थिति सुधारका लागि भैरवी गाउँपालिका ले विद्यालय स्वास्थ्य र पोषण रणनीति तथा कार्यक्रम कार्यान्वयन गरिरहेको छ । बालबालिकामा आइरनको मात्रामा सुधार गर्न १० देखि १९ वर्षका बालिका तथा किशोरीहरूलाई पनि आइरन तथा फोलिक एसिड चक्की वितरण गर्ने कार्य चलिरहेको छ । भैरवी गाउँपालिका मा नेपाल सरकारले ५ वर्ष भन्दा मुनीका बालबालिकालाई पोषण स्थितिमा सुधार गर्नका लागि मासिक रूपमा ५३२ पाच सय बत्तीस रुपैयाँ प्रति बालक उपलब्ध गराएको छ । स्थानीय तह भित्रका वडागत रूपमा बाल पोषण भत्ता मार्फत लाभान्वित बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ । जसमा यस सुविधा लिने बालबालिकाको विवरण यस प्रकार रहेको छ ।

**तालिका-९**

**बाल पोषण भत्ताबाट लाभान्वित बालबालिकाको संख्या, २०८२**

| वडा नं. | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| वडा नं. १ | १४७ | १७२ | ३१९ |
| वडा नं. २ | १२९ | १५८ | २८७ |
| वडा नं. ३ | ३२५ | ३२९ | ६५४ |
| वडा नं. ४ | १९९ | २२० | ४१९ |
| वडा नं. ५ | १३५ | १६९ | ३०४ |
| वडा नं. ६ | ११२ | १०३ | २१५ |
| वडा नं. ७ | ११४ | १२९ | २४३ |
| **जम्मा** | **११६१** | **१२८०** | **२४४१** |

*श्रोतः पञ्जिकरण शाखा, २०८२*

माथिको तालिकाको आधारमा कूल २४४१ जना बालपोषण भत्ताबाट लाभान्वित बालबालिका मध्ये सबै भन्दा धेरै २७ प्रतिशत बालबालिका वडा नं. ३ मा रहेको देखिन्छ भने सबैभन्दा कम बालबालिका वडा नं. ६ मा ९ प्रतिशत रहेको छ । वडाभित्र रहेका ५ वर्षमुनिका बालबालिकाको संख्याको आधारमा वडागत रूपमा बालपोषण भत्ताबाट लाभान्वित बालबालिकाको सङ्ख्या तलमाथि रहेको देखिन्छ । जसमा ५ वर्षमुनिका दलित बालबालिका र क्षेत्र तोकिएका बालबालिका रहेका छन् ।

## २.४ मातृ मृत्युदरको अवस्था

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको मातृ मृत्युदर १५१ जना प्रति लाख जीवित जन्ममा रहेको छ । भैरवी गाउँपालिका को मातृमृत्युदर क्रमशः घट्दो क्रममा रहेको छ । भैरवी गाउँपालिका मा गत ३ आर्थिक वर्षमा मातृ मृत्युदरको अवस्थालाई विश्लेषण गर्दा आ.व. २०८१/८२ सम्म कुनै पनि आमाले ज्यान गुमाउन परेको छैन । यो तुलनात्मक रूपले मातृ मृत्युदरमा आएको उल्लेखनीय सुधार हो । यसको मुख्य कारण भनेको स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारी एवं गैर सरकारी निकायहरूको प्रभावकारी सेवा रहेको मान्न सकिन्छ ।

## २.५ मानसिक स्वास्थ्य र आत्महत्याको अवस्था

मानसिक स्वास्थ्य भन्नाले मनोवैज्ञानिक, संवेगात्मक तथा सामाजिक तन्दुरुस्तीलाई बुझाउँछ । विश्व स्वास्थ्य सङ्गठनले मानसिक समस्यालाई साधारण तथा दैनिक आइपर्ने तनावहरू व्यवस्थापन गर्न कठिनाइ भई, दैनिक, घरायसी तथा समाजमा योगदान गर्न बाधा भएको अवस्था भनी परिभाषित गरेको छ । मन, शरीर र समाज बिचको अन्तरसम्बन्धले धेरै स्वास्थ्यका कुराहरूलाई प्रभाव पार्छ जसलाई हामी मनोसामाजिक अवस्थाको रूपमा बुझ्छौं । यदि मन, शरीर र समाजको बिचमा तालमेल भएन भने मन खिन्न हुने, दुःख लाग्ने, आफूलाई माया र सम्मान नगरिएको महसुस हुने, विरक्त तथा दिक्दारी लाग्ने आदि हुन्छ जसलाई हामी मनोसामाजिक समस्या भनेर चिन्छौं ।

अभिभावकको मानसिक स्वास्थ्यको कारणले समेत बालबालिकाको मानसिक स्वास्थ्यमा असर पुग्न सक्छ । जस्तै बालबालिकाको प्रारम्भिक बाल्यावस्थाको हुर्काइ, परिवारमा घरयासी हिंसा, गरिबी, तनावपूर्ण कार्यक्षेत्र, बालबालिकाको प्रविधिसँगको लत लगायतका कारण यस्तो समस्या देखिन सक्छ र गम्भीर मनोसामाजिक समस्या सम्म आउन सक्दछ । जसका कारण आत्महत्या सम्मको अवस्था आउन सक्छ । स्थानीय प्रहरी कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/०७९ मा १ जना बालिकाको आत्महत्या गरेका छन् भने १ जना बालकको आत्महत्या प्रयास गर्दा उद्धार गरिएको छ । यस सम्बन्धी तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-१०**

**भैरवी गाउँपालिका बालबालिकाको आत्महत्याको अवस्था**

| विवरण | आव ७८/७९ | आव ७९/८० | आव ८०/८१ |
|---|---|---|---|
| आत्महत्या गरेका बालबालिका | १ | ० | १ |
| आत्महत्या प्रयासबाट उद्धार गरिएका बालबालिका | ० | १ | १ |
| **जम्मा** | १ | १ | २ |

***स्रोतः*** *भैरवी प्रहरी चौकी, दैलेख २०८२*

जिल्ला प्रहरी कार्यालय दैलेखबाट प्राप्त तथ्याङ्क अनुसार भैरवी गाउँपालिकामा पछिल्लो तिन आर्थिक वर्षमा बालबालिकाको आत्महत्या तथा आत्महत्या प्रयास गर्ने बालबालिकाको संख्या २ जना रहेको देखिन्छ । बालबालिकाले आत्महत्या गर्नु वा प्रयास गर्नु बालबालिकाको मानसिक स्वास्थ्यमा परेको नकारात्मक प्रभाव हो । यसको मुख्य कारणहरूमा बालविवाह, अवोध बाल प्रेम, चलचित्रबाट देखासिखी र यस निम्त्याएको मनोसामाजिक समस्या नै मुख्य कारण रहेको छ, भने अन्य कारण गरिवी, अस्वभाविक सामाजिक भड्कीलो जिवनशैली र त्यसले बालबालिकामा पारेको आत्मगलानीपुर्ण भावना जस्ता कारणले बालबालिकाले आत्महत्या गरेको पाइन्छ ।

## २.६ संक्रामक तथा नसर्ने रोग र बालबालिका

दिगो विकास लक्ष्यमा एच.आई.भी., क्षयरोग, औलोजरो साथै पानीजन्य रोगहरू लाग्न नदिने परिमाणात्मक लक्ष्य राखिएको छ । सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई एकतिहाइले कम गर्ने विश्वव्यापी परिमाणात्मक लक्ष्यहरू पनि राखिएको छ । भैरवी गाउँपालिका सङ्क्रामक तथा नसर्ने रोगबाट प्रभावित बालबालिकाको आ.व. २०८१/८२ सम्मको अवस्थालाई हेर्दा एचआइभि संक्रमित बालबालिका, मलेरियावाट प्रभावित बालबालिका, नवजात शिशु टिटानसबाट सङ्क्रमित बालबालिकाहरू नरहेको तथा क्यान्सरबाट सङ्क्रमित २ जना रहेको पाइएको छ । यस प्रकारका रोगहरूको कमी हुनुको मुख्य कारण भनेको स्वास्थ्य क्षेत्रमा कार्यरत संयन्त्रको प्रभावकारी कार्यान्वयन एवं नागरिक सचेतना कार्यक्रमहरू जोडतोडले अगाडि बढ्नु रहेको छ ।

परिच्छेद-तीन

# बालबालिकाको संरक्षणको अधिकार

नेपालको संविधानले बालबालिकाको संरक्षणको अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको संरक्षणको अधिकार मुलुकी देवानी संहिता ऐन, २०७४ मा दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नमानिने, बालबालिकाबाट कसैले गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने, छोरा-छोरी, छोरा-छोरा वा छोरी-छोरीबिच कुनै किसिमले भेदभाव गर्न नहुने, बालयौन दुरूपयोग विरुद्ध कसूर हुने व्यवस्थाहरू छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाका लागि विशिष्टीकृत ऐन भएकोले बालबालिकाको संरक्षणको अधिकार सहित मूलभूतः १३ किसिमका अधिकारहरूको व्यवस्था गर्नुका साथै अधिकार कार्यान्वयनका लागि आवश्यक संरचना सम्बन्धी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले बालबालिकासँग सम्बन्धित पञ्जिकरण, सूचना व्यवस्थापन, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, र मानसिक असन्तुलन भएका व्यक्तिहरूको संरक्षण र व्यवस्थापन, बालविवाह लैङ्गिक हिंसा, छुवाछूत, हलिया, छाउपडी, कमलरी, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्ध विश्वासको अन्त्य गर्ने गराउने लगायतका कार्य गर्नुपर्ने व्यवस्था रहेको छ ।

## ३.१ बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय परिचय—पत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम विभिन्न अवस्थाका बालबालिकाको पहिचान, जन्मदर्ता तथा नागरिकता सम्बन्धी व्यवस्था भएको छ ।

भैरवी गाउँपालिका बालबालिकाको जन्मदर्ता एवम् पहिचानको अधिकार कार्यान्वयनका लागि विभिन्न किसिमका प्रोत्शाहनका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । बाल पोषण भत्ता, सचेतना अभियान लगायतका कार्यक्रमले बालबालिकाको जन्मदर्ता दर क्रमश सुधार भैरहेको छ । भैरवी गाउँपालिका को ५ वर्ष मुनिका बालबालिकाको वडागत जन्मदर्ताको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

## तालिका- ११
## भैरवी गाउँपालिका जन्मदर्ताको प्रतिशत तथा विवरण

| वडा | आव ०७९/०८० | | | आव ०८०/०८१ | | | आव ०८१/०८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| वडा नं १ | ५१ | ४५ | ९६ | ४५ | ३४ | ७९ | ३१ | २८ | ५९ |
| वडा नं २ | ४१ | ४२ | ८३ | ३९ | ३५ | ७४ | ३४ | ३१ | ६५ |
| वडा नं ३ | १०८ | ११६ | २२४ | १०४ | १०१ | २०५ | ८६ | ८६ | १७२ |
| वडा नं ४ | ७५ | ६९ | १४४ | ७७ | ७० | १४७ | ६१ | ६० | १२१ |
| वडा नं ५ | ६१ | ५७ | ११८ | ६५ | ४५ | ११० | ५१ | ३६ | ८७ |
| वडा नं ६ | ४३ | ४३ | ८६ | ३० | ४१ | ७१ | ५१ | ३४ | ८५ |
| वडा नं ७ | ५६ | ३७ | ९३ | ४५ | ३३ | ७८ | ४७ | ५१ | ९८ |
| **जम्मा** | **४३५** | **४०९** | **८४४** | **४०५** | **३५९** | **७६४** | **३६१** | **३२६** | **६८७** |

*स्रोतः पञ्जिकरण शाखा, भैरवी गाउँपालिका , २०८२*

भैरवी गाउँपालिकामा जन्मदर्ता प्रतिशतलाई हेर्दा वर्षमुनीका बालबालिका करिव ९९ प्रतिशत बालबालिकाको जन्मदर्ता गराएका छन । राष्ट्रिय जनगणना, २०७८ अनुसार भैरवी गाउँपालिकाको जन्मदर्ता प्रतिशतमा करिव ९५.२९ प्रतिशत भए पनि यो दर पछिल्लो अवस्थामा बढेको छ । यसका मुख्य कारण भनेको सामाजिक सचेतीकरण एवं बालपोषण भत्ताको सुविधा लिन जन्मदर्ता अनिवार्य हुनु रहेको छ ।

यसैगरी राष्ट्रिय जनगणना, २०७८ ले समग्र भैरवी गाउँपालिकाको जन्मदर्ता ९५.२९ प्रतिशत रहेको देखिन्छ । पालिकाको बालबालिकाको जन्मदर्ता संख्यालाई तल प्रस्तुत गरिएको छ ।

## तालिका-१२
## राष्ट्रिय जनगणना अनुसार ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ताको अवस्था

| पालिका | कूल बालबालिका | जन्मदर्ता भएका | | | जन्मदर्ता नभएका | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| भैरवी गाउँपालिका | ४६८ | २१७ | २०९ | ४२६ | २९ | १३ | ४२ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिकाबाट पालिकामा ५ वर्ष मुनिका ४६८ जना बालबालिकामध्ये ४२६ जना बालबालिकाको जन्मदर्ता भएको देखिन्छ भने ४२ जना बालबालिकाको जन्मदर्ता नभएको देखिन्छ । पालिकाबाट हुने मौसमी बसाईसराई एवं आयआर्जनका लागि भारत जाने गरेकोले त्यस्ता बालबालिकाको जन्मदर्ताका लागि वडामा निवेदन तथा पहल नहुँदा ४२ जना बालबालिका छुटेको देखिन्छ ।

## ३.२ अपाङ्गता भएका बालबालिका

संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २३ मा अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नुपर्ने प्रावधान रहेको छ भने संयुक्त राष्ट्रसंघका अन्य केही घोषणामा समेत अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी व्यवस्था रहेको छ । भैरवी गाउँपालिका अपाङ्गता भएका बालबालिकाको अधिकार संरक्षण प्रति संवेदनशील रहँदै नीति तर्जुमा तथा विभिन्न कार्यहरू कार्यान्वयन गर्दै आएको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालभरी कुनै न कुनै प्रकारको अपाङ्गता भएको बालबालिकाको संख्या १,२१,४९८ (१.२३ प्रतिशत) रहेको छ । जसमध्ये भैरवी गाउँपालिका रहेका कूल १७५ जना अपाङ्गता भएका बालबालिका रहेको छ । अपाङ्गताको प्रकार अनुसार बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-१३**

**अपाङ्गता भएका बालबालिकाको संख्या**

| क्र. सं. | अपाङ्गताको प्रकार | उमेर समूह |
|---|---|---|
| | | ०-४ |
| १ | शारिरीक अपाङ्गता | ९२ |
| २ | न्युन दृष्टियुक्त | १७ |
| ३ | पूर्ण दृष्टिविहिन | १२ |
| ४ | बहिरोपन | १५ |
| ५ | सुष्तश्रवण | ११ |
| ६ | श्रवण दृष्टिविहिन | १ |
| ७ | बोलाई | १५ |
| ८ | मानसिक तथा मनोसामाजिक | ५ |
| ९ | बौद्धिक अपाङ्गता | १ |

| क्र. सं. | अपाङ्गताको प्रकार | उमेर समूह |
|---|---|---|
| | | ०-४ |
| १० | अनुबंशीय रक्तश्राव (हेमोफेलिया) | ० |
| ११ | अटिजम | ० |
| १२ | बहुअपाङ्गता | ६ |
| | **जम्मा** | **१७५** |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

माथिको तालिकाबाट शारीरिक अपाङ्गता भएका बालबालिकाको संख्या सबैभन्दा धेरै शारिरीक अपाङ्गता भएका ९२ जना रहेका छन् भने अटिजम भएका बालबालिकाको संख्या ० जना रहेको छ । यसैगरी बहु अपाङ्गता भएका बालबालिकाको संख्या ६ जना रहेको देखिन्छ र न्यून दृष्टी भएका बालबालिका १७ जना रहेका छन ।

भैरवी गाउँपालिका हालसम्म कूल ५९ जना बालबालिकाले अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन् भने ५ जना बाल बालिका अझैपनि अपाङ्गता परिचय पत्र बाकी रहेका छ । राष्ट्रिय जनगनना २०७८ अनुसार भैरवी गाउँपालिका मा कूल अपाङ्गता भएका १७५ जना बालबालिका रहेको र मध्ये ५ जना बालबालिकाले अझै अपाङ्गता परिचयपत्र नबनाएको देखिन्छ । पालिकामा अपाङ्गता परिचयपत्र प्राप्त गर्ने बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका-१४**

**भैरवी गाउँपालिकाबाट अपांगता परिचयपत्र लिएका बालबालिकाहरूको संख्या**

| वर्ग | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| क | १३ | ७ | २० |
| ख | ३९ | २६ | ६५ |
| ग | ८ | ५ | १३ |
| घ | ६ | ३ | ९ |
| **जम्मा** | ६६ | ४१ | १०७ |

*स्रोतः भैरवी गाउँपालिका, २०८२*

यसरी तथ्यांक विश्लेषन गर्दा अधिकाशं मानिसहरूको सामाजिक सुरक्षा भत्ता प्राप्तिका लागि अपांगता परिचयपत्र बनाउने बुझाईका कारण अपांगता परिचय पत्रको उपयोग बारे बुझ्न बुझाउन नसक्नु र जुनसुकै किसिमका अपाङ्गता भएका बालबालिकाले समेत सामाजिक सुरक्षा भत्ता पाउनका लागि "क" वर्ग र "ख" बर्गको परिचयपत्र बनाउन खोज्ने प्रवृत्तिले "ग" र "घ मापदण्डमा रहेर पालिकाले अपांगता परिचयपत्र वितरण गरिरहेको छ ।

## ३.३ बालशोषणको अवस्था

कुनै पनि व्यक्तिको शरीर र उसको लैङ्गिकतालाई व्यक्तिगत लाभ वा फाइदाका लागि प्रयोग गर्नु नै बालशोषण हो । कानूनी आधारमा हेर्दा बालबालिकालाई बेश्यावृत्तिमा लगाउने, आर्थिक लाभका लागि यौन क्रियाकलापमा संलग्न गराउनु, यौनशोषणका लागि बेचबिखन गर्नु वा उनीहरूलाई बन्धक बनाउनु, इन्टरनेट अनलाइनको माध्यमबाट यौनजन्य क्रियाकलाप गर्ने, अश्लील चित्रणमा बालबालिकाको दुरूपयोग गर्ने, बालबालिकालाई यौन पर्यटनमा संलग्न गराउनु बालशोषण हो ।भैरवी गाउँपालिका  बालशोषणको अवस्था तल विश्लेशण गरिएको छ ।

### ३.३.१ लागू पदार्थ दुर्व्यशनी तथा ओसारपसार

संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिको धारा ३३ मा राज्यले बालबालिकालाई लागू पदार्थहरूको गैरकानूनी प्रयोगबाट बचाउनुका साथै त्यस प्रकारको वस्तुको अवैध उत्पादन र विक्री वितरणमा बालबालिकाको प्रयोगलाई रोकथाम गर्नु पर्दछ भन्ने व्यवस्था छ ।

स्थानीय प्रहरी कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा कुनै पनि बालबालिका लागू पदार्थ दुर्व्यशनीमा संलग्न भई उजुरी नपरेको छन भने स्थानीय तहमा गरिएको अध्ययन अनुसार पालिकाभर कुनै पनि बालबालिका लागू पदार्थको सेवनमा संलग्न नभएको पाइएको छ  । प्रहरी कार्यलय एवं भैरवी गाउँपालिका ले लागु पदार्थ दुर्व्यशनी सम्बन्धी सचेतना कार्यक्रमहरू गरिरहेको र सोही सम्बन्धी यस प्रयोग र ओसारपसारको विषयलाई अध्ययन गर्दा कुनै पनि बालबालिकाले यसको प्रयोगमा संलग्न नरहेको अध्ययन गरिएको छ ।

### ३.३.२ बालश्रमको अवस्था

नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको

छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (६) मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ । उपदफा (९) ले १४ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्न नहुने व्यवस्था उल्लेख गरेको छ । दफा ४८ अनुसार जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन् । भैरवी गाउँपालिका बालश्रम रोकथाम तथा अन्त्यका लागि पारिवारिक सहयोग, श्रमबाट बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यहरू हुँदै आएको छ ।

भैरवीगाउँपालिको आर्थिक वर्ष २०८१/८२ सम्मको अध्ययन अनुसार कुनै पनि बालबालिका बाश्रममा संलग्न नरहेको वडागत विवरणबाट देखिन्छ । श्रममा संलग्न बालबालिकाको सूचना नआउने कारणले पालिकामा बालश्रमिकको उद्धार गरी व्यवस्थापन गरिएको देखिदैन ।

भैरवी गाउँपालिका मा बालश्रमिकको रूपमा होटेल, यातायातका क्षेत्रहरूमा बालश्रमिक नरहेको र पढाइ छोडेर श्रमिकको रूपमा काम गर्न निजी क्षेत्रहरू एवं निर्माण व्यवसायीहरूसँग काम गर्ने गरिरहेको र भारतमा कामको लागि बालकहरू जाने गरेको पाइन्छ । यसैगरी राष्ट्रिय जनगणना, २०७८ अनुसार ९१२ जना बालबालिका आर्थिक आयआर्जनसँग सम्बन्धित कुनै न कुनै काममा संलग्न भएको देखिन्छ । यस सम्बन्धी संलग्न क्षेत्रगत विवरण तल उल्लेख गरिएको छ ।

**तालिका-१६**

**राष्ट्रिय जनगणना २०७८ अनुसार आर्थिक काममा संलग्न बालबालिकाको संख्या**

| क्र. सं. | संलग्नताको किसिम | उमेर समूह | | | जम्मा |
|---|---|---|---|---|---|
| | | १०-१२ | १३-१५ | १६-१७ | |
| १ | व्यवस्थापकीय काम | ० | ० | ५ | ५ |
| २ | व्यावशायीक काम | ० | ० | ० | ० |
| ३ | प्राविधिक काम | ० | १ | १ | २ |
| ४ | कार्यालय सहयोगी | ० | १ | ० | १ |

| क्र. सं. | संलग्नताको किसिम | उमेर समूह | | | जम्मा |
|---|---|---|---|---|---|
| | | १०-१२ | १३-१५ | १६-१७ | |
| ५ | सेवा तथा पसल | ० | २ | २ | ४ |
| ६ | घरयासी काम | ७६ | १०७ | १०६ | २८९ |
| ७ | निर्माण सम्बन्धी काम | ० | ० | १ | १ |
| ८ | मेसिन तथा औजार सञ्चालन | ० | ० | २ | २ |
| ९ | सामान्य काम | २५६ | २१८ | १३२ | ६०६ |
| १० | काम नखुलेको | २ | ० | ० | २ |
| | जम्मा | ३३४ | ३२९ | २४९ | ९१२ |

***स्रोत:*** *राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना २०७८ अनुसार पालिकामा कूल ९१२ जना बालबालिका कुनै न कुनै काममा संलग्न रहेको देखिएको छ । जसमध्ये १० जना बालबालिका सिकाइका लागि गरिने घरयासी काम तथा सामान्य काम बाहेक बालश्रममा संलग्न रहेको देखिन्छ । विगतको तुलनामा बालश्रममा कमी आएपनि पालिकामा बालश्रम निवारणका लागि त्यस्ता बालबालिकाकाको अनुगमन गरी घटना व्यवस्थापन प्रकृयामार्फत सम्बोधन गर्नुपर्ने देखिन्छ ।

### ३.३.३ बालबालिकाको अपहरण, वेचविखन तथा ओसारपसार

बाल अधिकार सम्बन्धी महासन्धिको धारा ११, १९, ३४ र ३५ मा बालबालिका विरुद्धको गैरकानूनी ओसारपसार, यौन शोषण तथा दुर्व्यवहार लगायतका दुष्कार्यमा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारले यस महासन्धि अन्तर्गतको “बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २०००” लाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन गरी बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका यौनशोषण र दुर्व्यवहारका विषयहरू सम्बोधन गर्न संवेदनशील रहेको छ । भैरवी गाउँपालिका ले बालबालिकाको बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि समुदाय स्तरमा सचेतना, सहयोग तथा क्षमता अभिवृद्धि तालिम, अभिभावक शिक्षा, किशोरी सशक्तीकरण लगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

जिल्ला एवं स्थानीय प्रहरीबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा कुनै पनि बालबालिका बेचविखन तथा ओसारपसारमा संलग्न भएको उजुरी तथा निवेदन नपरेको देखिन्छ । तथापि पालिकामा आएका घटनाहरू अध्ययन गर्दा कामको सिलसिलामा अनाधिकृत रूपमा भारत जाने तथा बाबु आमाले लैजाने गरेको पाइन्छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६८ अनुसारको बालबालिका विरुद्धको हिंसा र दुर्व्यवहारको अनिवार्य सूचना दिनुपर्ने व्यवस्थाको कार्यान्वयन पूर्ण रूपमा नहुँदा यस्ता घटनाहरू उजुरी प्रकृयामा नआएकोले आगामी दिनमा यसको सचेतनाका लागि समुदाय स्तरमा थप कार्यक्रम विस्तार गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ ।

## ३.४ बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार

बाल अधिकार सम्बन्धी महासन्धिको धारा २, १९ र ३६ अनुसार बालबालिका विरुद्ध कुनै पनि विभेद, हिंसा र दुर्व्यवहार गर्न हुँदैन । नेपालको संविधान र कानूनमा कुनै पनि आधारमा कसैलाई भेदभाव गर्न र हिंसा तथा दुर्व्यवहार गर्न नहुने प्रावधानहरू रहेका छन् । नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ अनुसार प्रत्येक बालबालिकालाई निजको बाबु, आमा लगायत कुनै पनि व्यक्तिले कुनै पनि किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजस्ता दुर्व्यवहार र शोषणविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुन्छ । दफा ६६ मा बालबालिका विरुद्धका हिंसाहरू परिभाषित गरी बालबालिका विरुद्धको कसूर मानेको छ ।

### ३.४.१ बालबालिका विरुद्धको हिंसा

जिल्ला प्रहरी कार्यालय एवं प्रहरी चौकी भैरवी तथा गाउँपालिका स्थित बालबालिका शाखावाट बालविवाहको अध्ययन अनुसार तथ्यांक हेर्दा जातीय छुवाछुत र बहुविवाहमा खासै उजुरी नभए पनि बालविवाह र घरेलु हिंसावाट बालबालिका प्रभावित रहेका अध्ययनले जनाएको छ । यद्यपी यि जानकारीमा आएका घटनाहरू हुन भने यस वाहेक जानकारीमा नआएका थुप्रै घरेलु हिंसा र बालविवाह घटनाहरू रहको पाइन्छ ।

### ३.४.२ बालबालिका विरुद्धको अनलाइन हिंसा

बालबालिका विरुद्ध हुने अनलाइन दुर्व्यवहार सम्बन्धी विषय समेत सम्बोधन गर्ने गरी साइबर अपराध लक्षित विद्युतीय कारोबार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले अनलाइन बाल सुरक्षा निर्देशिका, २०७६ कार्यान्वयनमा ल्याएको छ । भैरवी गाउँपालिका अनलाइन हिंसाबाट पीडित तथा प्रभावित नरहेको जानकारी जिल्ला प्रहरी कार्यालय, दैलेखबाट प्राप्त भएको छ ।

भैरवी गाउँपालिकावाट बालबालिका अनलाइन दुर्व्यवहार परेको उजुरी जिल्ला प्रहरी कार्यालय एवं प्रहरी चौकीमा नपरे पनि अनलाइन दुर्व्यवहार नै नभएको भने होइन । सामाजिक रूपमा अनलाइन दुर्व्यवहार हुने गरेको तर उजुरी गर्दा इज्जत प्रतिष्ठामा आच आउने पुरातन बुझाइ रहेको हुदाँ निवेदन दिने गरेको पाइदैन । बालविवाह गरेर चित्त नवुझेका घटनाहरू हराएको एवं खोजी गरी पाउँ भनि उजुरीको रूपमा आउने गरेको पाइन्छ ।

### ३.४.३ यौनहिंसा र दुर्व्यवहार

नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार प्रत्येक बालबालिकालाई यौनजन्य दुर्व्यवहार र शोषणविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुन्छ । ऐनको दफा ६६ मा बालबालिका विरुद्धको यौनहिंसा र दुर्व्यवहारका विभिन्न व्यवहारहरू परिभाषित गरी यस्ता दुर्व्यवहारहरू बालबालिका विरुद्धको कसूर मानिने व्यवस्था छ ।

जिल्ला प्रहरी कार्यालय दैलेखको तथ्याङ्क अनुसार भैरवी गाउँपालिकामा आ.व.२०७८/०७९ मा बालबालिका विरुद्धको यौन हिंसा तथा दुर्व्यवहारबाट १ जना बालिका पीडित भएको उजुरी दर्ता भएको छ । बालबालिका विरुद्धको यौन हिंसा तथा दुर्व्यवहार सम्बन्धी मुद्दा संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका-१९**

**बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहारबाट पीडित बालबालिकाको संख्या**

| क्र.सं. | शीर्षक | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | जबरजस्ती करणी | | १ | |

| क्र.सं. | शीर्षक | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| २ | जबरजस्ती करणी उद्योग | - | - | |
| ३ | अप्राकृतिक मैथुन | - | - | |
| ४ | बाल यौन दुरूपयोग | - | - | |
| | **जम्मा** | | १ | |

***स्रोतः*** *जिल्ला प्रहरी कार्यालय, दैलेख २०७९*

भैरवी गाउँपालिका मा गम्भिर प्रकारका बालअधिकार हनन हुने गरि बयस्क मानिसवाट यौनजन्य दुर्व्यवहारका घटनाहरू पछिल्लो अवस्थामा निकै कमी आएको छ । यस मुख्य कारण भनेको कानुनी सजाय र यसको प्रभावकारी सचेतना रहेको छ । यौनजन्य दुर्व्यवहार र कानुनी परिभाषालाई अध्ययन गर्दा १८ वर्षको उमेरमा एकाध बालिका २ सन्तानको आमा हुनु बालयौन दुर्व्यवहार होइन भनेर नकार्न सकिदैन ।

### ३.४.४ बालविवाह

नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ । मुलुकी देवानी संहिता ऐन, २०७४ र मुलुकी अपराध संहिता ऐन, २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रूपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः बदर हुने कानुनी व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ ले बालविवाह जस्ता कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको रूपमा लिएको छ। बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२ ले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य लिएको छ ।

नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७६ अनुसार नेपालमा २० देखि २४ वर्ष उमेर समूहका विवाहित व्यक्तिहरूमध्ये १५ वर्षमुनिका ५.२ प्रतिशत (पुरुष १.५% र महिला ७.९%) र १८ वर्षमुनिका २२.७ प्रतिशत (पुरुष ९% र महिला ३२.८%) को विवाह भएको पाइएको छ । कर्णाली प्रदेश बालविवाहको दृष्टिकोणले उच्च बालविवाह हुने प्रदेशको रूपमा रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा बालविवाहको प्रतिशत करिब २९ प्रतिशत रहेको देखिन्छ । यसैगरी भैरवी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा गरेको तथ्याङ्क संकलनको आधारमा भैरवी गाउँपालिका को बालविवाहको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका-२१**

**आ.व. २०८१/०८२ भैरवी गाउँपालिका बालविवाहको अवस्था**

| वडा | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| वडा नं. १ | २ | २ | ४ |
| वडा नं. २ | ३ | ३ | ६ |
| वडा नं. ३ | १ | ३ | ४ |
| वडा नं. ४ | ३ | ५ | ८ |
| वडा नं. ५ | २ | ३ | ५ |
| वडा नं. ६ | २ | ५ | ७ |
| वडा नं. ७ | ३ | ५ | ८ |
| **जम्मा** | **१६** | **२६** | **४२** |

*स्रोतः महिला बालबालिका तथा ज्येष्ठनागरिक शाखा, २०८२*

भैरवी गाउँपालिकामा विगतको तुलनामा बालविवाह घट्दो अवस्थामा रहेको देखिएता पनि एक वर्षमा ४२ जना बालबालिकाको विवाह हुनु स्वाभाविक हुन सक्दैन । विवाहित बालबालिकामध्ये बालिकाको प्रतिशत ६१.९० रहेको देखिन्छ । भैरवी गाउँपालिका ले बालविवाह सम्बन्धी विवरण सङ्कलनको लागि गरेका अध्ययनले तुलनात्मक रूपमा बालविवाह घटेको देखिन्छ। बालविवाह सामाजिक तथा कानुनी रूपमा अपराधको रूपमा मान्दा पनि हाम्रो सामाजिक मूल्य र मान्यताले पारेको प्रभाव तथा अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई उचित ढङ्गले गाइड गर्न नसक्नुले बालविवाहमा सोचे जस्तो कमी आउन सकिरहेको छैन ।

भैरवी गाउँपालिकाले बालविवाह अन्त्य गर्न विभिन्न प्रयासहरू गरेको र सोही मध्ये विगतका वर्षहरूमा विवाह मण्डपबाट बालविवाह गर्नेलाई पक्राउ गरी सामाजिक तथा संस्कृतिक अभियान अगाडि बढाएको थियो भने हाल आएर सामाजिक सचेतिकरणका कार्यक्रमहरू जोडतोडले अगाडि बढाई रहेको छ । विगत

तीन वर्षको तुलनात्मक अवस्था हेर्दा आ.व. २०८१/०८२ मा बालविवाहमा कमी आएको छ । विगत ३ वर्षको बालविवाहको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-२२**

**बालविवाहको विगत ३ वर्षको तुलनात्मक अवस्था**

| आ.व. | विवाह गर्नेको व्यक्तिको संख्या | बालविवाह गर्ने व्यक्तिको संख्या | बालविवाह प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २०७९/०८० देखि ०८१/०८२ सम्म | ९८९ | ४२ | ४.२४ | गाउँपालिका लिएको तथ्यांक अनुसार |

***स्रोतः** महिला बालबालिका तथा ज्येष्ठनागरिक शाखा, २०८२*

भैरवी गाउँपालिका विगतको तुलनामा बालविवाह गर्नेको सङ्ख्यामा कमी आएपनि अझै बालविवाह रहेको छ । यसरी पालिका स्थित स्थानीय बालअधिकार समितिले आ.ब. २०८१/०८२ मा बालविवाह गर्नेहरूको विवरण अध्ययन गर्दा बालविवाह ४.२४ प्रतिशतमा झरेको छ र यसलाइ सुधारोन्मुख मान्न सकिन्छ।

## ३.५ कानूनी विवादमा परेका बालबालिका

संविधानले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक सुनिश्चित गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० मा बालबालिकाले गरेको कसूरजन्य कार्यको कारबाही गर्न नेपाल सरकारले आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्ने व्यवस्था छ । कानूनी व्यवस्था बमोजिम कानूनी विवादमा परेका बालबालिकाको न्याय सम्पादनसँग सम्बन्धित विभिन्न निकायहरूबिच समन्वय गर्न दफा ४६ बमोजिम सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रीय बालन्याय समिति र दफा ४७ बमोजिम हरेक जिल्लामा जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समितिको व्यवस्था भएको छ । ७७ वटै जिल्लाका जिल्ला अदालतमा बाल इजलासबाट बालन्याय सम्बन्धी कार्य सम्पादन भइरहेको छ । बाल बिज्याँइका कारण कानूनको विवादमा परेका बालबालिकालाई अदालतको निर्णयानुसार तोकिएको समयावधिका बाल सुधार गृहमा राख्ने गरिएको छ । स्थानीय प्रहरीको तथ्याङ्क अनुसार हालसम्म भैरवी गाउँपालिका आर्थिक वर्ष २०८०/८१ मा १ जना बालबालिका बालविज्याईमा संलग्न भएको देखिन्छ ।

## ३.६ विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा वैकल्पिक स्याहार

भैरवी गाउँपालिका ले जोखिममा रहेका बालबालिकाको विवरण संकलन गर्दा जोखिममा रहेका १९२ जना बालबालिकाहरू रहेका छन । ति बालबालिकाहरू मध्ये आमा वा बुवा मध्ये एकको मृत्यु भई संरक्षणको समस्यामा रहेको पाइन्छ । जसका लागि भैरवी गाउँपालिका ले शैक्षिक सहायता कार्यक्रम देखि लिएर बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न विकास साझेदारहरूसँग सहकार्यमा शैक्षिक तथा आयआर्जन सहायता प्राप्त गर्ने गरि व्यवस्था गाउँपालिकाले गरेको छ ।

### ३.६.१ अनाथ बालबालिका

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने व्यवस्था छ । नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार पनि आमाबाबु दुवैविहीन एवम् आमाबाबु दुवै वा कुनै एक जीवित हुँदाहुँदै पनि शारीरिक वा मानसिक कारणले आफ्ना बालबालिकाको लालनपालन गर्न असमर्थ भएका परिवारका बालबालिकालाई राज्य संयन्त्रबाट लालनपालन तथा संरक्षणको जिम्मेवारी रहने स्पष्ट देखिन्छ ।

भैरवी गाउँपालिकाले अनाथ बालबालिकाको संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । पालिकाभित्रका बुबा तथा आमा दुबै गुमाएका अनाथ बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका-२३**

**भैरवी गाउँपालिका अनाथ बालबालिकाको संख्या**

| वडा | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| वडा नं. १ | ६ | ३ | ९ |
| वडा नं. २ | ५ | २ | ७ |
| वडा नं. ३ | ६ | ३ | ९ |
| वडा नं. ४ | ९ | १२ | २१ |

| वडा | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| वडा नं. ५ | ९ | ४ | १३ |
| वडा नं. ६ | ९ | ६ | १५ |
| वडा नं. ७ | १२ | १३ | २५ |
| | | जम्मा | ९९ |

***स्रोतः** महिला बालबालिका तथा ज्येष्ठनागरिक शाखा, २०८२*

भैरवी गाउँपालिकामा आमाबुवा दुवै गुमाएका १८ वर्ष भन्दामुनी बालबालिका ३६ जना रहेका र यि मध्ये विद्यालय गइरहेको बालबालिकाहरूलाई माथि उल्लेखित भएका अनाथ बालबालिका लगायत असहाय, अपाङ्गता भएका र विपन्न बालिबालिकाहरूलाई समेत नियमित रूपमा पोशाक र शैक्षिक सामाग्री वितरण गरिरहेको छ । हाल सम्म अनाथ तथा अरुको संरक्षणमा रहेका जम्मा बालबालिकाको संख्या ९९ जना पुगिसकेको छ ।

### ३.६.२ बालबालिकाको बसाइको अवस्था

संयुक्त राष्ट्र सङ्घको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १८ मा बाबु आमा तथा अभिभावकले बालबालिकाको उचित स्याहार गर्न असमर्थ भएमा सरकारले बालबालिकाको स्याहारमा सहयोग गर्नु पर्ने, धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ ले दफा ४८ मा उल्लेख भएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मध्ये (क) देखि (छ) सम्मका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानेको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालभरिका कूल ९८,६९,५८३ बालबालिकामध्ये सबैभन्दा धेरै ७७.९ प्रतिशत बालबालिका आमाबाबु दुबैसँग बस्ने गरेका छन् भने आमासँग मात्र बस्ने १७.१ प्रतिशत, बाबुसँगमात्र बस्ने एक प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका ३ प्रतिशत रहेको देखिएको छ ।

भैरवी गाउँपालिकाको मात्र बालबालिकाको बसाइको अवस्था हेर्ने हो भने कूल ८२३८ जना बालबालिकामध्ये ६८.५७ प्रतिशत बालबालिका आमाबाबु दुबैसँग बस्ने गरेका छन् भने आमासँग मात्र बस्ने २६.७१ प्रतिशत, बाबुसँगमात्र बस्ने

०.७४ प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका ३.०७ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना अनुसारको बालबालिकाको बसाइको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका-२४**
**बालबालिकाको बसाइको अवस्था**

| बसाइको अवस्था | बालक | बालिका | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| आमाबाबु दुवैसँग | २७५५ | २८९४ | ५६४९ | ६८.५७% |
| आमासँग मात्रै | १०९३ | ११०७ | २२०० | २६.७१% |
| बुवासँग मात्रै | ३४ | २७ | ६१ | ०.७४% |
| बुवा र सौतेनी आमासँग | १९ | २० | ३९ | ०.४७% |
| आमा र सौतेनी बुवासँग | २ | १ | ३ | ०.०४% |
| अन्य नातेदारसँग | १०४ | १४९ | २५३ | ३.०७% |
| रोजगारदातासँग | ० | ० | ० | |
| अन्य | २ | १७ | १९ | ०.२३% |
| उल्लेख नभएको | ३ | ११ | १४ | ०.१७% |
| **जम्मा बालबालिका संख्या** | ४०१२ | ४२२६ | ८२३८ | १००.००% |

***स्रोतः*** *राष्ट्रिय जनगणना, २०७८*

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ ले अनाथ बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका र वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको रूपमा परिभाषित गरेको छ । सोही ऐनको दफा ४९ ले बालबालिकाको बैकल्पिक हेरचाहको लागि पहिलो प्राथमिकतामा आमा वा बाबु तर्फका नातेदार, दोस्रोमा बालबालिकालाइ संरक्षण गर्ने इच्छुक परिवार वा व्यक्ति, तेस्रोमा परिवारमा आधारित हेरचाह गर्ने संस्था र अन्तिम विकल्पको रूपमा बालगृहको व्यवस्था गरेको छ । माथिको तालिकाबाट देखिएका आफन्तको संरक्षणमा रहेका वा अन्यको संरक्षणमा रहेको २८६ जना बालबालिका बालबालिकालाई बैकल्पिक हेरचाहको औपचारिक प्रणालीमार्फत सम्बोधन गर्नु आवश्यक रहेको देखिन्छ ।

### ३.६.३ घरमुली बालबालिका

भैरवी गाउँपालिका अनाथ एवम् अभिभावक नभएका कारण बालबालिका आफै घरमुली भइ जिवनयापन गर्नुपरेको अवस्था देखिदैन । राष्ट्रिय जनगणना, २०७८ अनुसार पालिकामा बालबालिका आफै घरमुली भएकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका-२५**

**भैरवी गाउँपालिकामा घरमुली बालबालिकको अवस्था**

| क्र.सं. | उमेर समूह | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | १०-१४ | ५ | ९ | १४ |
| २ | १५-१९ | १८ | ४५ | ६३ |
| | **जम्मा** | **२३** | **५४** | **७७** |

*__स्रोतः__ राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिकाबाट बालबालिका आफै घरमुलि भएर घर चलाइरहेका बालबालिकाको संख्या ७७ जना रहेको छ । जसमध्ये २९.८७ प्रतिशत बालक र ७०.१३ प्रतिशत बालबालिका घरमुलीको रूपमा रहेको देखिन्छ । यस्ता बालबालिकाको जोखिमताको हिसाबले उच्च जोखिममा हुने हुँदा पालिकाले यस्ता बालबालिकाको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

### ३.६.४ बालगृहमा पठाईएका बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ मा बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था रहेको छ । जसमा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई सो सम्बन्धी सेवा प्रदान गर्दा पहिलो प्राथमिकतामा बाबु वा आमातर्फका नातेदारको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ भने दोस्रो विकल्पमा बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिकोमा संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । राष्ट्रिय जनगणनाबाट देखिएको २१० जना बालबालिका वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको रूपमा देखिन्छ । तथापी कानूनी व्यवस्था भएता पनि स्थानीय तहमार्फत वैकल्पिक हेरचाहको प्रवन्ध गर्दाको प्रकृया पूर्णतः कार्यान्वयन भएको छैन । पालिकाले यसमा कार्य गरिरहेको छ ।

गाउँपालिकाले विभिन्न सम्बन्धित बालकल्याण अधिकारीको सिफारिसमा आर्थिक वर्ष २०८०/८१ मा विशेष संरक्षणको आवश्यकता भएका २ जना बालक र २ जना बालिका गरी जम्मा ४ जना बालबालिकालाई संस्थागत वैकल्पिक स्याहारमा संरक्षण गरेको छ ।

## ३.७ पारिवारिक सहायता र सामाजिक सुरक्षा

राज्यबाट संरक्षण सहयोग पाउनुपर्ने नागरिकहरूका लागि राज्यबाट सामाजिक सुरक्षाको व्यवस्थाका लागि संवैधानिक, कानूनी, नीतिगत तथा कार्यक्रमिक व्यवस्था रहेको छ । नेपालको संविधानको धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रमका लागि विशिष्टीकृत ऐनको रूपमा सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा अपाङ्गता भएका, द्वन्द्वपीडितको, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई विशेष संरक्षणको व्यवस्था छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ मा अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको व्यवस्था छ ।

भैरवी गाउँपालिकामा सामाजिक सुरक्षाबाट २७१५ जना बालबालिका लाभान्वित भएका छन् । अपाङ्गता भएका बालबालिकाको सामाजिक सुरक्षा तथा पालपोषण भत्ताबाट लाभान्वित बालबालिकाको आर्थिक वर्ष २०८१/८२ को संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका-२६**

**सामाजिक सुरक्षाबाट लाभान्वित बालबालिकाको संख्या**

| समूह | मासिक रू. | लाभान्वित संख्या |
|---|---:|---:|
| पूर्ण अशक्त अपाङ्गता | ३९९० | ६२ |
| अति अशक्त अपाङ्गता | २६६० | २३३ |
| लोपोन्मुख जातजाति | ० | ० |
| क्षेत्र तोकिएको बालबालिका | ५३२ | १६२० |
| दलित बालबालिका | ५३२ | ७७९ |
| **जम्मा बालबालिका संख्या** | | **२७१५** |

***स्रोतः*** *पञ्जिकरण शाखा, २०८२*

यसै अनुरूप भैरवी गाउँपालिकाले बालबालिकाको हकमा आमाबुवा दुवै गुमाएका संरक्षणको समस्या रहेका बालबालिकालाई पहिचान गरि युनिसेफको सहयोगमा २०८२ को जेठ महिनामा रु. २००० । दुई हजार रुपैयाँका दरले २१ जनालाई शैक्षिक सहयोग स्वरूप रकम प्रदान गरेको र आगामी आ.व. देखि अनाथ, असहाय तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूका लागि यूनिसेफ र भैरवी गाउँपालिकाको साझेदारीमा एकमुष्ठ रकम रु ३०,०००-/ सामाजिक सुरक्षा वापत जम्मा गर्ने निर्णय भएको ।

परिच्छेद-चार

# बालबालिकाको शिक्षा तथा विकास सम्बन्धी अधिकार

## ४.१ पृष्ठभूमी

यस परिच्छेदमा भैरवी गाउँपालिका बालबालिकाको शिक्षा तथा विकास सम्बन्धी अधिकारको कार्यान्वयनको स्थितिको बारेमा चर्चा गरिएको छ । संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिको धारा २८ को व्यवस्था अनुसार नेपालमा बालबालिकाको शिक्षाको अधिकार, अनिवार्य र निःशुल्क शिक्षा, बालबालिकाको साधारण र व्यवसायिक शिक्षा तथा माध्यमिक शिक्षा लगायतका व्यवस्थाहरूका कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको छ । यसैगरी दिगो विकास लक्ष्यको लक्ष्य नं. ४ मा व्यवस्था भएको सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चितताको अवस्था, निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता, प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा पहुँच, शिक्षामा लैङ्गिक समानताको अवस्था लगायतका विषयहरूको अवस्था चित्रण गरिएको छ ।

संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धी तथा दिगो विकास लक्ष्यमा उल्लेख भएका व्यवस्थाको सम्बन्धमा भैरवी गाउँपालिका भित्र प्रारम्भिक बाल विकास केन्द्रमा रहेका बालबालिका, विद्यालय संख्या, शिक्षक तथा विद्यार्थी संख्या तथा अनुपात, प्राथमिक, माध्यामिक तहमा बालबालिकाको भर्नादर, विद्यालय शिक्षामा समावेशिता, टिकाउदर, विषेश विद्यालयमा अध्ययनरत बालबालिका र अनौपचारिक शिक्षा प्रणालीमा संलग्न बालबालिका सम्बन्धी विवरण यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

## ४.२ प्रारम्भिक बाल विकास केन्द्र र बालबालिका

भैरवी गाउँपालिका विगत तीन शैक्षिक सत्रमा (२०८२) बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरूको कूल संख्या २६ रहेको छ । शैक्षिक सत्र २०८२ मा विद्यालयमा आधारित २६ वटा रहेका छन । शैक्षिक सत्र २०८० देखि २०८२ सम्म तीन वर्षको समुदायमा आधारित र संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका-२७

### विगत तीन वर्षको प्रारम्भिक बालविकास केन्द्रको संख्या

| बालविकास केन्द्रको प्रकार | शैक्षिक सत्र २०८० | शैक्षिक सत्र २०८१ | शैक्षिक सत्र २०८२ |
|---|---|---|---|
| समुदायमा आधारित | - | - | - |
| सामुदायीक विद्यालयमा आधारित | २६ | २६ | २६ |
| संस्थागत विद्यालयमा आधारित | - | - | - |
| धार्मिक संस्थामा आधारित | - | - | - |
| **कूल जम्मा** | **२६** | **२६** | **२६** |

***स्रोतः*** *शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

भैरवी गाउँपालिकामा शैक्षिक सत्र २०८० देखि २०८२ सम्म प्रारम्भिक बालविकास केन्द्रहरूको संख्या घटबढ भएको देखा पर्दैन । पालिकामा सबै विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन् । प्रत्येक प्रारम्भिक बाल विकास केन्द्रमा सहजकर्तामार्फत सहजीकरण एवम् शिक्षण सिकाइ गर्ने गरिएको छ । विद्यालयमा आधारित प्रारम्भिक बाल विकास केन्द्रमा रहेका सहजकर्ताको विवरण ***अनुसूची-३*** मा राखिएको छ ।

पालिकामा शैक्षिक सत्र २०८२ मा अघिल्लो शैक्षिक सत्रको तुलनामा १७ जना बालबालिका बढेको देखिन्छ भने भर्नादर ९८ प्रतिशत पुगेको देखिन्छ । भैरवी गाउँपालिका शैक्षिक सत्र २०८० देखि २०८२ सम्म प्रारम्भिक बालविकास केन्द्र, बालबालिकाको संख्या, भर्नादर र लैङ्गिक अनुपात तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका–२८

### प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाको संख्या, भर्नादर र लैङ्गिक अनुपात

| शैक्षिक सत्र | विद्यार्थी संख्या | भर्नादर |
|---|---|---|
| २०८० | ४५८ | ९७.२ |
| २०८१ | ४५१ | ९७.९ |
| २०८२ | ४६८ | ९८.५ |

***स्रोतः*** *शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

बाल विकास केन्द्रमा भर्नादरको लैंगिक अनुपात बराबरी देखिएता पनि संख्यात्मक हिसावले बालकको संख्या केही बढी रहेको छ । बालविकास केन्द्रमा उमेर पुगेका बालबालिका

प्रायः भर्ना भैरहेको यसको लैंगिक अनुपात पछिल्लो वर्षमा बालकको संख्यामा बृद्धि रहेको पाइएको छ । शैक्षिक सत्र २०८० देखि २०८२ सालसम्मको दलित र जनजाति र अपाङ्गता भएका समूहका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ ।

**तालिका-२९**

**प्रारम्भिक बालविकास केन्द्रमा दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाको संख्या**

| शैक्षिक सत्र | दलित बालबालिका | जनजाती बालबालिका | अपाङ्गता भएका बालबालिका |
|---|---|---|---|
| २०८० | ९२ | १७ | २ |
| २०८१ | ७९ | १२ | १ |
| २०८२ | ८५ | १४ | २ |

***स्रोतः** शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

भैरवी गाउँपालिका को बालबाविकास केन्द्रहरूमा जातीय हिसावले दलित, जनजाती, ब्राहमण क्षेत्री लगायतका सवै जातीको प्रतिनिधित्व रहेको र बालविकास केन्द्रमा ४ वर्ष सम्मका बालबालिकाको प्रायः बालविकास केन्द्र भर्ना हुने गरेको गरेको देखिन्छ ।

## ४.३ विद्यालय, विद्यार्थी, शिक्षक र भर्नादर

भैरवी गाउँपालिकाको शिक्षा शाखाको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०८१ मा पालिकामा ४२ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन भने शैक्षिक सत्र २०८२ मा कूल विद्यालय संख्या ४२ रहेको छ । जसमध्ये ९८ प्रतिशत सामुदायिक विद्यालय रहेका छन् । शैक्षिक सत्र २०८२ सालमा भैरवी गाउँपालिका सञ्चालनमा रहेका विद्यालय संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-३०**

**विद्यालयको तह र किसिम अनुसारको विद्यालय संख्या**

| विद्यालय तह | सामुदायिक | संस्थागत | धार्मिक | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-८) | ३६ | - | - | ३६ |
| माध्यामिक तह (कक्षा ९-१२) | ६ | - | - | ६ |
| **जम्मा** | | | | ४२ |

***स्रोतः** शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

भैरवी गाउँपालिकामा विद्यालयहरू ४२ वटा रहेका छन् । पालिकाले शैक्षिक रुपान्तरणको कुरालाई जोड गर्दै गत शैक्षिक वर्ष देखि विद्यालयको तह घटुवा एवं मर्ज गरेको हुदाँ ४६ वटा विद्यालयवाट संख्यामा कमी आएको हो । भैरवी गाउँपालिका  विद्यालय शिक्षामा रहेका विद्यार्थी संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-३१**

**विद्यालय शिक्षामा विद्यार्थी संख्या**

| विद्यालय तह | बालक | बालिका | जम्मा | बालक/बालिका अनुपात |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-८) | १९१७ | २०१३ | ३९३० | |
| माध्यामिक तह (कक्षा ९-१२) | ४२८ | ४६० | ८८८ | |
| **कूल जम्मा** | **२३४५** | **२४७३** | **४८१८** | |

***स्रोतः*** *शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

पालिका स्थित शिक्षा शाखावाट प्राप्त तथ्याङ्क अनुसार पछिल्लो वर्षहरूमा बालिकाको संख्यामा केही वृद्धि भएको देखिन्छ । भैरवी गाउँपालिका  शैक्षिकसत्र २०८२ मा आधारभूत तहदेखि देखि कक्षा १२ कक्षा सम्म भर्ना भएका बालबालिकाको संख्या ४८१८ रहेको र जस मध्ये बालक ५१.३९ प्रतिशत र बालिका ४८.६० प्रतिशत रहेको छ । जसको अनुपातमा खासै अन्तर नरहेको देखिन्छ । प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा १२ सम्मको बालबालिका संख्या ***अनुसूची-५*** मा प्रस्तुत गरिएको छ ।

पालिकामा शैक्षिक सत्र २०८२ मा आधारभूत तह कक्षा १-५ को खुद भर्नादर ९६.५५ प्रतिशत, आधारभूत तह कक्षा १-८ को ९४.८५ प्रतिशत र माध्यमिक तह कक्षा ९-१२ को ९३.६५ प्रतिशत रहेको देखिन्छ । शैक्षिक सत्र २०८१ र २०८२ को विद्यालयको तह अनुसार खुद भर्नादरको तुलनात्मक अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-३२**

**विद्यालय तह अनुसार खुद भर्नादर**

| विद्यालय तह | खुद भर्नादर २०८१ | | | खुद भर्नादर २०८२ | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| आधारभूत तह (कक्षा १-५) | ९६.५% | ९५.४% | ९५.९५% | ९६.४% | ९६.७% | ९६.५५% |
| आधारभूत तह (कक्षा १-८) | ९५.२% | ९४.२% | ९४.७% | ९५.३% | ९४.४% | ९४.८५% |
| माध्यामिक तह (कक्षा ९-१२) | ९४.२% | ९३.१% | ९३.६५% | ९४.१% | ९३.२% | ९३.६५% |

***स्रोतः*** *शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

विद्यालय उमेरका अधिकाशं बालबालिकाहरू विद्यालयमा भर्ना हुने गरेका र विद्यालयमा निरन्तरताको कमी भएको पाइन्छ । तर पनि विद्यालय उमेरका केही बालबालिकाहरू विद्यालयको पहुचवाट टाढा रहेको यस तथ्यांकवाट अध्ययन गर्न सकिन्छ । विद्यालय उमेर पुगेर पनि पहुच भन्दा कसरी टाढा रहे ति बालबालिकाहरू को को हुन भन्ने कुराको अध्ययन गरि सवै बालबालिकालाई शिक्षाको पहुचमा जोड्न जरुरी छ ।

यस स्थानीय तहमा शैक्षिक सत्र २०८२ मा सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूमा नेपाल सरकारमार्फत नियुक्त भएका कक्षा १-५ सम्ममा १०० जना र कक्षा ६-८ मा १६ जना गरी कूल ११६ जना शिक्षकहरू कार्यरत रहेका छन् । यसैगरी माध्यामिक तह (कक्षा ९-१२) मा २४ जना शिक्षक रहेका छन् भने भैरवी गाउँपालिका अनुदानमा कार्यरत आधारभुत तह १-५ मा २९ जना, आधारभूत तह ६-८ मा ३५ जना, माध्यमिक  तह ९-१२ मा ४ जना रहेका छन । यसैगरी आधारभूत तह ६-८ शिक्षण सिकाई सहयोग अनुदान ११ जना र माध्यमिक तह शिक्षण सिकाई अनुदान १५ जना रहेका छन ।

**तालिका-३३**

**सामुदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात (नेपाल सरकारमार्फत नियुक्त शिक्षकहरू)**

| विद्यालय तह | महिला | पुरुष | जम्मा | शिक्षक विद्यार्थि अनुपात |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | ३९ | ५९ | १०० | २६.२ |
| आधारभूत तह (कक्षा ६-८) | ३ | १५ | १८ | ६९.२७ |
| माध्यामिक तह (कक्षा ९-१२) | ४ | १८ | २२ | ४०.४५ |
| **कूल जम्मा** | **४६** | **९२** | **१४०** | |

***स्रोतः*** *शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

नेपाल सरकार मार्फत नियूक्त शिक्षक र विद्यार्थीको अनुपात हेर्दा आधारभुत तह कक्षा १-५ सम्ममा करिव सन्तुलित रहे पनि कक्षा ६-१२ सम्म अनुपात नमिलेको देखिन्छ । सो समस्याको उचित व्यवस्थापनका लागि भैरवी गाउँपालिकाले ठूलो मात्रमा शिक्षक व्यवस्था गरी शिक्षक विद्यार्थी अनुपातमा सन्तुलन मिलाएको छ ।

## ४.४ विद्यालय शिक्षामा दलित, जनजाति र अपाङ्गता भएका बालबालिका

शैक्षिक सत्र २०८० मा आधारभूत तह (१-८) मा अध्ययनरत बालबालिका मध्ये दलित बालबालिकाको प्रतिशत रहेकोमा शैक्षिक सत्र २०८२ मा ३७.७३ प्रतिशत रहेको छ भने जनाजाति बालबालिकाको प्रतिशत ५८.४६ पुगेको छ । आधारभूत र माध्यमिक तहमा

शैक्षिक सत्र २०८२ सालमा अध्ययनरत दलित बालबालिका १९१०, जनजाति २९५९ जना बालबालिका रहेका छन भने अपाङ्गता भएका बालबालिकाको संख्या १९२ तलको तालिकामा दिइएको छ ।

**तालिका-३४**

**विद्यालय शिक्षामा दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाको संख्या**

| विद्यालय तह | दलित | जनजाति | अपाङ्गता भएका |
|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | ८०५ | १०९५ | ८७ |
| आधारभूत तह (कक्षा ६-८) | ३९७ | ९८० | ६८ |
| माध्यामिक तह (कक्षा ९-१२) | ७०८ | ८८४ | ३७ |
| **कूल जम्मा** | **१९१०** | **२९५९** | **१९२** |

***स्रोतः*** *शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

भैरवी गाउँपालिका विभिन्न जाताजातीका मानिसहरू मिलेर बसेका हुँदा यहाँ विद्यालयमा पनि सबै जातजाती एवम् अपाङ्गता भएका बालबालिकाको समेत प्रतिनिधित्व रहेको छ । अन्य जातिहरू भन्दा संख्यात्मक रूपमा कम भएपनि जनजाती ५८.४६ प्रतिशत र दलित ३७.७३ प्रतिशत बालबालिका अध्ययन गरिरहेका छन ।

## ४.५ नियमित विद्यालय जाने बालबालिका र टिकाउ दर

भैरवी गाउँपालिका को शिक्षा शाखाको प्रतिवेदन पालिकामा अनुसार शैक्षिक सत्र २०८२ मा कक्षा ८ सम्मको टिकाउ दर ९३ प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ९६ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ६४ प्रतिशत रहेको छ । शैक्षिक सत्र २०८२ को टिकाउदर तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-३५**

**विद्यालय शिक्षामा बालबालिकाको टिकाउदर**

| विद्यालय तह | दलित | जनजाति | अपाङ्गता भएका |
|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | ९२% | ९६% | ९३% |
| आधारभूत तह (कक्षा ६-८) | ९६% | ९७% | ९७.२% |
| माध्यामिक तह (कक्षा ९-१२) | ९८% | ९८.२% | ९९.७% |

***स्रोतः*** *शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

यसरी विद्यार्थी टिकाउदरलाई अध्ययन गर्दा विद्यालय भर्ना हुने समयमा भर्ना भए पनि बालबालिकाले विद्यालय छोड्ने गरेको पाइन्छ । जातिगत रूपमा तथ्यांङ्क विश्लेषण गर्दा

अपांगता भएका बालबालिकाहरूको टिकाउदर निकै कमी रहेको र दलित एवं जनजातीमा पनि यस्तो खालको समस्या रहेको पाइन्छ ।

## ४.६ सामुदायिक अध्ययन केन्द्र

विद्यालय बाहिर रहेका बालबालिकाको लागि विभिन्न प्रकारका सेवाहरू तथा अध्ययनको अवसरको लागि गैर औपचारिक (Non Formal) शैक्षिक केन्द्रको रूपमा पालिकाले सरोकारवालानिकाय मार्फत पालिकाभित्र समुदायस्तरमा सामुदायिक अध्ययन केन्द्रहरू ३ वटा सञ्चालनमा रहेका छन् । हाल पालिकाभरी कूल ३ वटा सामुदायिक अध्ययन केन्द्रहरू सञ्चालनमा रहेकोमा सवै संघीय सरकारको सहयोगमा सञ्चालनमा रहेका छन् ।

## ४.७ माध्यमिक शिक्षा परीक्षा

भैरवी गाउँपालिका बाट शैक्षिक सत्र २०८१ को माध्यामिक शिक्षा परीक्षा (SEE) मा सहभागी भएका विद्यार्थीको संख्या २६७ रहेको थिए जस मध्ये १.६ GPA भन्दा माथि १३७ जनाले ल्याएका थिए । SEE मा सहभागी विद्यार्थी माध्यामिक शिक्षा परिक्षामा ग्रेड अनुसार उत्तिर्ण विद्यार्थीको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-३६**

**माध्यामिक शिक्षा परिक्षामा उत्तीर्ण विद्यार्थिको संख्या**

| ग्रेड | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| २००-२.७९ | ११ | २४ | ३६ |
| २.८०-३.१९ | ५३ | ४६ | ९९ |
| ३.२०-३.५९ | २ | ० | २ |
| ३.६०-४.०० | ० | ० | ० |
| **कूल जम्मा** | **६७** | **७०** | **१३७** |

*स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८१*

शैक्षिक वर्ष २०८१ मा २६७ जना बालबालिका SEE परिक्षामा सहभागिता भएकोमा १३७ जना उतिर्ण गरेको देखिन्छ । शैक्षिक रुपान्तरणको विषयलाई गाउँपालिकाले जोडतोडले अगाडी योजना अनुरूप शैक्षिक उपलव्धिमा सकारात्मक सुधारका प्रयास भएपनि ग्रेड विश्लेषन गर्दा सुधार गर्नुपर्ने क्षेत्र धेरै रहेको स्थिति बुझ्न सकिन्छ ।यसका लागि भैरवी गाउँपालिका ले उचित कदमहरू चालिरहेको र विगतको तुलनामा सुधारउन्मुख रहेको छ ।

परिच्छेद-पाँच

# बालबालिकाको सहभागिता, सङ्गठन तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार

## ५.१ पृष्ठभूमी

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुने, दफा ९ मा प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्न पाउने तथा प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने हक हुने, दफा १० मा प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकारको व्यवस्था रहेको छ । यसैगरी, बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ मा बालबालिकाले बालक्लब वा संस्था खोल्न सक्ने व्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहमा बालबालिकाको सहभागिता प्रवर्द्धनसँगै सम्बन्धित खेलकुद, बाल उद्यान, बालक्लब तथा बालसञ्जाल सञ्चालन र व्यवस्थापन गर्ने तथा वडालाई बालमैत्री बनाउने जस्ता कार्यहरू उल्लेख भएका छन् । यसैगरी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा बालभेलाका मागहरू वार्षिक कार्ययोजनामा समावेश गर्नुपर्ने विषय समेत समावेश भएको छ । यसैगरी भैरवी गाउँपालिका को बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, बालक्लब गठन तथा परिचालन सम्बन्धी कार्यविधि लगायतका दस्तावेजहरूमा बालबालिकाको सहभागिताको अधिकार सुनिश्चित गरिएको छ ।

उल्लेखित पृष्ठभूमिमा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धिको बालबालिकाको अभिव्यक्ति स्वतन्त्रताको अधिकार, सङ्गठित हुने स्वतन्त्रता, उपयुक्त सूचनामा पहुँच लगायतका व्यवस्थाको भैरवी गाउँपालिका कार्यान्वयनको अवस्थाको बारेमा यस परिच्छेदमा चर्चा गरिएको छ ।

## ५.२ स्थानीय तहको योजना तर्जुमामा बाल सहभागिता

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ बमोजिम स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अनिवार्य सहभागिताको अभ्यास यस गाउँपालिका निरन्तर रूपमा अघि बढिरहेको छ । यस स्थानीय तहले बालभेलाबाट प्राप्त सुझावहरूलाई वार्षिक योजनामा समावेश गर्ने गरिएको छ । भैरवी गाउँपालिका आर्थिक वर्ष २०८०/८१ मा भएको बालभेलाबाट प्राप्त सूझावहरू मध्ये पालिकाले निम्न बमोजिमको सुझावहरू वार्षिक कार्यक्रम मार्फत सम्बोधन गरेको छः

(क) बालविवाह न्यूनिकरण सम्बन्धी कार्यक्रम जोड गरिनु पर्ने ।
(ख) बालबालिकाको अर्थपुर्ण सहभागितामा जोड गरिनु पर्ने ।
(ग) विशेष संरक्षणमा रहेका बालबालिकालाई आवश्यक सहायता हुनु पर्ने ।

## ५.३ बालक्लब र बालक्लब सञ्जाल

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रवर्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार सुनिश्चित गरिएको छ । बालबालिका सम्बन्धी नियमावली, २०७८ मा बालक्लब वा संस्था खोल्ने तथा स्थानीय तहमा दर्ता गर्ने, नवीकरण गर्ने, खारेज गर्ने, स्थानीय बाल अधिकार समितिले सम्बन्धित स्थानीय तहका बालक्लब वा संस्थाको उपलब्धि तथा क्रियाकलापको प्रकाशन र प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था रहेको छ ।

पालिका भित्र बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि बालबालिका संगठित हुने तथा संस्था खोल्ने अभ्यास र स्थानीय तहमा बालक्लब तथा सञ्जालहरू गठन गर्ने तथा बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि क्रियाशील बनाउने कार्यहरू निरन्तर भैरहेको छ । भैरवीगाँउपालिकामा आर्थिक वर्ष २०८१/८२ सम्ममा कूल ४४ वटा बालक्लबहरू सञ्चालन रहेका छन् र ती बालक्लबहरूमा कूल ८०३ जना बालबालिका आवद्ध भएका छन् । पालिकाभित्र सञ्चालित बालक्लबको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका -३७

**बालक्लब र आवद्धता बालबालिकाको संख्या**

| क्र.सं. | बाल क्लबको किसिम | बालक्लब संख्या | आवद्धता बालबालिका | | |
|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा |
| १ | वडामा आधारित बालक्लब | ७ | ४५ | ५२ | ९७ |
| २ | समुदायमा आधारित बालक्लब | ४ | ४२ | ४६ | ८८ |
| ३ | विद्यालयमा आधारित बालक्लब | २५ | २०५ | ३०० | ५०५ |
| ४ | बालक्लब सञ्जाल | ८ | ५४ | ५९ | ११३ |
| | **जम्मा** | **४४** | **३४६** | **४५७** | **८०३** |

***स्रोतः*** *शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

भैरवी गाउँपालिकामा विद्यालय, वडा एवं समुदाय स्तरमा रहेका बालक्लब तथा संजालको अवस्थालाई अध्ययन गर्दा ३६ वटा बालक्लब र ८ वटा सञ्जाल कार्यान्वयनमा रहेका छन । यी बाल क्लबहरूमा आवद्ध बालबालिकामध्ये ५६.९१ प्रतिशत बालिकाको सहभागिता हुनु बालिका शशक्तीकरणको उदाहरणको रूपमा लिन सकिन्छ । ७ वटै वडामा समुदायमा आधारित ४ वटा, वडास्तरीय ७ वटा बालक्लब र २५ वटा विद्यालयमा आधारित बालक्लब सञ्चालन भइ बाल अधिकार प्रवर्द्धनमा उल्लेखनिय योगदान पुगेको छ । यी बालक्लब तथा सञ्जाललाई सामाजिक रूपमा रहेका कुरितिका विरुद्ध सशक्त रूपमा परिचालन एवं सहभागिताका लागि आवश्यक प्रयास भैरहेको छ । पालिकामा भएका बालक्लबको विवरण ***अनुसूची-२*** मा प्रस्तुत गरिएको छ ।

## ५.४ बालमैत्री स्थानीय शासन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले आ.व. २०८७/८८ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री बनाउने लक्ष्य लिएको छ । यसैगरी आ.व. २०८१/८२ सम्ममा १३० वटा नगरपालिका, २०० वटा गाउँपालिका तथा २९५५ वटा वडाहरूलाई बालमैत्री घोषणा गर्ने लक्ष्य राखेको छ । भैरवी गाउँपालिकाले निरन्तर रूपमा बालमैत्री वडा घोषणा गर्नका लागी वडा पहिलो चरणमा वडा नं ३ मा तयारी गरिएको छ ।

## ५.५ खेलकुद र बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ मा प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरिएको छ । साथै प्रत्येक विद्यालयले नियमित पठनपाठनका अलवा खेलकुदको उचित व्यवस्था मिलाउनु पर्ने कानूनी प्रावधान समेत रहेको छ ।

विगत देखिनै यस भैरवी गाउँपालिकाले विद्यालय स्तर, अन्तर विद्यालयस्तर, वडास्तरका विभिन्न खेलकुद कार्यक्रम सञ्चालन र प्रतियोगिताहरूको आयोजना गरी बालबालिकाको खेलकुदमा सहभागिता अभिवृद्धि गर्दै आएको छ । आर्थिक वर्ष २०८०/८१ मा बालबालिकाको विभिन्न खेलकुदमा सहभागिता सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका-३९**

**बालबालिकाको खेलकुदमा सहभागिता**

| प्रतियोगिताको नाम | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| अन्तर विद्यालय भलिबल/फुटवल | ४७ | | ४७ |
| राष्ट्रपति रनिङ सिल्ड | २५ | १३ | ३८ |
| विभिन्न दिवसीय कार्यक्रम | १०५ | १०८ | २१३ |
| **जम्मा** | **१७७** | **१२१** | **२९८** |

***स्रोतः*** *भैरवी गाउँपालिका , २०८१*

भैरवी गाउँपालिकामा बालबालिकाको खेलकुदमा सहभागिताको अवस्था विश्लेशन गर्दा राष्ट्रिय बालदिवस लगायत अन्य खेलकुदमा सहभागी भएको कुरालाई उल्लेख गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा मात्र २९८ जना बालबालिकाको खेलकुद तथा अन्य दिवसीय कार्यक्रमहरूमा सहभागिता भएको छ । बालअधिकारको एक खम्वाको रूपमा रहेको बालसहभागिताको अधिकारलाई सुनिश्चित गर्न विभिन्न प्रयासहरू भएका र यसलाई अझै जोड दिनुपर्ने देखिन्छ ।

परिच्छेद - ६

# विविध

## ६.१ बाल संरक्षण सहयोग वितरण

विपद् लगायतका जोखिमका प्राकृतिक कारणहरूबाट भैरवी गाउँपालिकामा कुनैपनि मानविय क्षति भएको भने छैन । विपद् तथा जोखिमका घटनाहरूबाट अप्रत्यक्ष असर परेको देखिन्छ । विपदको समयमा स्थानीय सरकारको महत्वका विषय नागरिकले अध्ययन गर्ने गरेका र विपद्को समयमा विकास साझेदारहरूको आवश्यकता कति रहेछ भन्ने कुराको राम्ररी अध्ययन गर्ने विषय पनि हो । विपद्मा परेका परिवारलाई यस भैरवी गाउँपालिकाको विपद् व्यवस्थापन शाखा बाट आवश्यक मौद्रिक तथा गैरमौद्रिक र शैक्षिक सामाग्रीहरू सहयोग भैरहेको अवस्था छ । विपद्का घटनाहरूबाट प्राकृतिक स्रोत साधनमा भएको क्षतिबाट बालबालिकाहरू सेवा सुविधा उपभोग गर्नबाट बञ्चित हुन परेको अवस्था छ ।

पालिकामा उपलब्ध तथ्याङ्कको आधारमा वडा बाल अधिकार समितिको सिफारिसमा स्थानीय बाल अधिकार समितिको निर्णयले गम्भीर तथा उच्च जोखिममा रहेका बालबालिकालाई बाल संरक्षण घटना व्यवस्थापन प्रकृयामार्फत स्याहार योजना निर्माण गरी आवश्यक सेवा प्रदान गरिएको छ । सहयोग सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-४१**

**बालबालिकालाई सहयोग वितरण**

| क्र.सं. | सहयोगको विवरण | सहयोग प्राप्त गर्ने संख्या | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक सहयोग | २०० जना | वार्षिक विनियोजित कार्यक्रम अन्तर्गत |
| २ | आयआर्जन सहायता | २ जना | वालपोषण बापत |
| ३ | खाद्यान्न सहयोग | २० जना | गाउँपालिकामार्फत सहयोग |
| ४ | लत्ता कपडा सहयोग | २०१ जना | वार्षिक विनियोजित कार्यक्रम अन्तर्गत |
| ५ | मनोविमर्श सेवा | १५ जना | गाउँपालिकामार्फत सहयोग |
| ६ | पोषण सहयोग | १५० जना | वार्षिक विनियोजित कार्यक्रम अन्तर्गत |
| ७ | उपाचार सहयोग | ४ जना | वार्षिक विनियोजित कार्यक्रम अन्तर्गत |
| | **जम्मा सहयोग** | **५९२ जना** | |

***स्रोतः*** *बालबालिका शाखा, भैरवी गाउँपालिका २०८१*

पालिकामा जोखिममा परेका र सहयोगको आवश्यकता भएका बालबालिकालाई जोखिमता लेखाजोखा तथा विश्लेषणको आधारमा उच्च जोखिममा रहेका ५९२ जना बालबालिकालाई विभिन्न किसिमका आवश्यक सहयोग प्रदान गरिएको छ ।

## ६.२ बाल संरक्षण घटना व्यवस्थान सूचना प्रणालीको प्रयोग

पालिकामा बाल संरक्षण प्रणालीको स्थापना तथा सुदृढीकरणका लागि विभिन्न चरणमा क्रियाकलापहरू सञ्चालन भएका छन् । जसले पालिकाका सबै वडामा समेत बाल अधिकार समितको गठन भइ क्रियाशील भएका छन् भने सिफारिस प्रणालीको समेत कार्यान्वयन भएको छ । यसैको दिगोपना एवम् निरन्तरताका लागि पालिकाले बाल संरक्षण घटना व्यवस्थापन सूचना व्यवस्थापन प्रणाली **CPIMS** को उपयोग तथा निरन्तर सञ्चालन गरी रहेको छ ।

भैरवी गाउँपालिकाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ अनुसार बालबालिकाको हकहित र अधिकारको संरक्षणका लागि विगत एक वर्ष देखि नै **CPIMS** प्रयोग गर्दै आएको छ । यस प्रणालीको प्रयोगवाट जोखिममा रहेका बालबालिकाको सहायता प्रक्रियामा सहजता भएको र सिफारिस गरे पश्चात जोखिममा रहेका बालबालिकाले आवश्यकताको आधारमा सहयोग पाउने गरेका छन । यस पालिकावाट २४ जना बालबालिकाको विवरण **CPIMS** मा प्रविष्टि गरिएको छ ।

## ६.३ शसक्त महिलाः समृद्ध नेपाल (EWPN) कार्यक्रम र बाल संरक्षण

भैरवी गाँउपालिकाले पालिकामा बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि संयुक्त राष्ट्र संघीय निकायहरू, विकासका साझेदार एवम् गैर सरकारी संस्थाहरूसँग सहकार्य गर्दै आइरहेको छ । यसै अनुसार बाल संरक्षण प्रणाली सुदृढकरण एवम् लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणका लागि भैरवी गाँउपालिकाले युनिसेफ नेपालसँगको सहकार्यमा शसक्त महिलाः समृद्ध नेपाल कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस कार्यक्रमबाट पालिकामा निम्न बमोजिमको बालबालिकाको क्षेत्रमा कार्यसम्पादन गरिएको छ ।

तालिका-४२

**शसक्त महिलाः समृद्ध नेपाल कार्यक्रमको उपलब्धी**

| सहभागिता | उपलब्धि |
|---|---|
| ✓ स्थानीय तहमा बाल संरक्षण तथा घटना व्यवस्थापन सम्बन्धी तालिम | ✓ बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी एकिकृत कार्यविधि निर्माण<br>✓ सबै वडामा र स्थानीयतहमा बाल अधिकार समितिको गठन र क्रियाशिलता अभिवृद्धि<br>✓ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान र लेखाजोखा गर्न सकिएको<br>✓ बाल संरक्षण घटना व्यवस्थापन प्रकृया मार्फत सेवा प्रवाहमा सहज भएको<br>✓ जोखिममा परेका बालबालिकालाई तत्काल र आवश्यक सेवा प्रवाह गर्न सहज भएको |
| ✓ बाल संरक्षण घटना व्यवस्थापना सूचना प्रणाली सञ्चालन सम्बन्धी तालिम | ✓ बाल संरक्षण सूचना प्रणालीको सञ्चालन र घटना प्रविष्टि<br>✓ बाल संरक्षण सम्बन्धी घटनाको डिजिटल अभिलेखीकरणको शुरुवात गरिएको |
| ✓ लैङ्गिक हिंसा रोकथाम तथा न्यूनीकरण सम्बन्धी क्षमता अभिवृद्धि तालिम | ✓ पालिकामा लैङ्गिक हिंसा पिडित लक्षित सेवा प्रदायकहरूको पहिचान र सेवाहरूको नक्साङ्कनमा सहयोग पुगेको<br>✓ लैङ्गिक हिंसा पीडितको घटना व्यवस्थापन प्रकृयामा सहज भएको |

परिच्छेद - सात

# निष्कर्ष

## ७.१ मुख्य उपलब्धी

भैरवी गाउँपालिका बालबालिकाको हकअधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी विभिन्न नीति, रणनीति लगायतको योजनाबद्ध तरिकाले कार्यान्वयनमा लागेको छ । भैरवी गाउँपालिकाले बालबालिकाका सवालहरू केन्द्रित रहि बालबालिका सम्बन्धी २ वटा कानुन तथा कार्यविधि पारित गरि कार्यान्वयन गरिरहेको छ । विगतको तुलनामा यस आर्थिक वर्षसम्म आइपुग्दा पालिकामा सबै वडा तहमा वडा बाल अधिकार समितिको गठन भई परिचालन हुनु, बालक्लबको पुनर्गठन तथा परिचालन हुनु पालिकामा बालबालिका सम्बन्धी ऐन, २०७५ ले तोकेका न्यूनतम बाल संरक्षण यन्त्रहरूको स्थापना तथा परिचालन हुनुले समग्र बाल संरक्षण प्रणालीको स्थापना र क्रियाशीलता अभिवृद्धि भएको छ । यसबाट पालिकामा आउने बाल संरक्षण सम्बन्धी सवालहरू तत्काल सम्बोधन तथा प्रकृयागत सहजीकरण भएको छ ।

२०७८ सालको जनगणना अनुसार १८ वर्ष मुनिका भैरवी गाउँपालिका को बालबालिकाको संख्या ८ हजार २ सय ३८ रहेको छ । नवजात शिशु मृत्युदर र मातृ मृत्युदर आ.व. २०८०/०८१ मा शून्य रहेको छ । भैरवी गाउँपालिकामा जन्मदर्ता प्रतिशतलाई हेर्दा वर्षमुनीका बालबालिका करिव ९९ प्रतिशत बालबालिकाको जन्मदर्ता गराएका छन । राष्ट्रिय जनगणना, २०७८ अनुसार भैरवी गाउँपालिकाको जन्मदर्ता प्रतिशतमा करिव ९५.२९ प्रतिशत भए पनि यो दर पछिल्लो अवस्थामा बढेको छ ।

पालिकाभरी १३ जना बालबालिका लागू पदार्थको सेवनमा संलग्न भएको पाइएको छ । यस गाउँपालिकामा विगतको तुलनामा बालविवाह घट्दो अवस्थामा रहको देखियता पनि एक वर्षमा १९३ जना बालबालिकाको विवाह भएको देखिन्छ । भैरवी गाउँपालिकाको मात्र बालबालिकाको बसाइको अवस्था हेर्ने हो भने कूल ८२३८ जना बालबालिकामध्ये ६८.५७ प्रतिशत बालबालिका आमाबाबु दुबैसँग बस्ने गरेका छन् भने आमासँग मात्र बस्ने २६.७१ प्रतिशत, बाबुसँगमात्र बस्ने ०.७४ प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका ३.०७ प्रतिशत रहेको छ ।

अनुरूप भैरवी गाउँपालिकाले बालबालिकाको हकमा आमाबुवा दुवै गुमाएका संरक्षणको समस्या रहेका बालबालिकालाई पहिचान गरि युनिसेफको सहयोगमा २०८२ को जेठ

महिनामा रु. २००० । दुई हजार रुपैयाँका दरले २१ जनालाई शैक्षिक सहयोग स्वरूप रकम प्रदान गरेको र आगामी आ.व. देखि अनाथ, असहाय तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूका लागि यूनिसेफ र भैरवी गाउँपालिकाको साझेदारीमा एकमुष्ठ रकम रु ३०,०००-/ सामाजिक सुरक्षा वापत जम्मा गर्ने निर्णय भएको छ। जोखिममा परेका बालबालिकालाई पालिका एवं अन्य विकास साझेदारहरूको आवश्यक समन्वयमा शैक्षिक तथा आयआर्जन सहायता प्राप्त गरेका छन् भने विविध कारणले जन्मदर्ता प्राप्त गर्न नसकेका बालबालिकाहरू पहिचान सुनिश्चितताका लागि जन्मदर्ता उपलब्ध गराउनमा स्थानीय बालअधिकार समितिले उचित पहल गरि जन्मदर्ता प्राप्तीका लागि सहजीकरण गर्नुका साथै भैरवी गाउँपालिकामा विगत वर्षमा बालविवाह ६४ प्रतिशतबाट घटेर ४९ प्रतिशतमा आएको कुरा मार्फत उपलब्धिका रूपमा लिन सकिन्छ ।

यस गाउँपालिका बालबालिकाकको शिक्षा तथा खेलकुदको स्थिति सुधार हुँदै आएको देख्न सकिन्छ । शैक्षिकसत्र २०८१ मा आधारभूत तहदेखि देखि कक्षा १२ कक्षा सम्म भर्ना भएका बालबालिकाको सङ्ख्या ६७४६ रहेको र जस मध्ये बालक ५१.३९ प्रतिशत र बालिका ४८.६ प्रतिशत रहेको छ । शैक्षिक सत्र २०८० मा कक्षा ८ सम्मको टिकाउ दर ९३ प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ९६ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ६४ प्रतिशत रहेको देखिन्छ ।

भैरवी गाउँपालिकामा बालबालिकालाई संगठित गर्ने प्रयास समेत गरिएको छ । गाउँपालिका स्तरीय बालअधिकार समिति क्रियाशील रहेको, बालकल्याण अधिकारीको व्यवस्था गरेको, बाल कोषको व्यवस्था भएको, वडा स्तरीय बाल अधिकार समिति गठन गरि क्रियाशीलतामा जोड गर्ने गरेको, पालिका स्तरीय बाल सञ्जाल, वडा स्तरीय बालसञ्जाल तथा विद्यालय स्तरीय बाल क्लब गठन एवं परिचालनमा जोड गरेको छ । आर्थिक वर्ष २०८०/८१ सम्ममा कूल ३४ वटा बालक्लबहरू सञ्चालन रहेका छन् र ती बालक्लबका कूल ६७१ जना बालबालिका आवद्ध भएका छन् ।

## ७.२ समस्या र चुनौति

यस भैरवी गाउँपालिकामा बालबालिकाको क्षेत्रमा रहेका मुख्य समस्याहरू निम्नानुसार रहेका छन्ः

- उमेर नपुगी बालविवाह गर्नु,
- संरक्षणको अभाव,

- बाल दुर्व्यवहार,
- विद्यालय छोड्नु,
- लागूपदार्थ दुर्व्यसनीमा संलग्नता,
- जन्मदर्ता प्राप्त गर्न नसक्नु,
- शारीरिक कुपोषणको जोखिममा रहेको,
- बालबालिकालाई बालश्रममा संलग्न गराइनु,
- बाल विज्याई तथा असामाजिक कार्यमा संलग्नता,
- बालक र बालिका बिच भेदभाव,
- अभिभावक तथा संरक्षकमा बाल अधिकार सम्बन्धी सचेतना नहुनु,

यि सवालहरूमा केन्द्रित रहेर भैरवी गाउँपालिका स्थित स्थानीय बालअधिकार समितिले कार्यक्रम तय गरी प्रभावकारी रूपमा गतिविधि सञ्चालन गर्ने गरेको र जसबाट बालबालिकाका सवालहरूमा प्रगति भएका छन् । यस गाउँपालिकामा काम गर्दै गर्दा बालबालिकाको क्षेत्रमा देखिएका चुनौतीहरू निम्नानुसार रहेका छनः

- संविधान प्रदत बाल अधिकारको कार्यान्वयन गर्ने,
- बालबालिका सम्बन्धी नीति, ऐन तथा कार्यविधि लगायतका कानुनको कार्यान्वयन गर्ने,
- बालबालिकासंग सम्बन्धित उल्लेखित समस्याहरू न्यूनीकरण गर्ने,
- गठित बालकल्ब तथा संगठनलाई सक्रिय बानाइ राख्ने,
- बाल अधिकारको सवालहरू सम्बोधन गर्न लगानी तथा बजेट व्यवस्थापन गर्ने,
- लक्षित वर्ग प्राथमिकतामा राख्ने ।

## ७.३ आगामी योजना

भैरवी गाउँपालिकालाई बालअधिकार संरक्षण तथा प्रवर्द्धनमा नमुना स्थानीय तहको रूपमा विकास गर्नका लागि गाउँपालिका भित्र हुनुपर्ने सबै बाल संरक्षण संयन्त्रको स्थापना तथा परिचालनमा जोड दिंदै निम्न कार्यहरू अबको प्राथमिकतामा राखिएको छः-

१. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०८० ले व्यवस्था गरे बमोजिम “बालबालिका सम्बन्धी लगानी सहितको पाँच वर्षे राष्ट्रिय नीति कार्यान्वयन कार्ययोजना” निर्माण गरी कार्यान्वयन गर्ने ।

२. पालिकामा बाल विवाह अन्त्यका लागि प्रत्येक विद्यालय, बालबालिकासँग सरोकार राख्ने निजी क्षेत्र, सामाजिक संघसंस्था तथा सार्वजनिक निकायमा बाल संरक्षण मापदण्ड लागू गर्ने ।

३. बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार रोकथाम तथा न्यूनीकरणका लागि अनिवार्य सूचना दिनुपर्ने व्यवस्थाको समुदायस्तरसम्म सचेतना एवम् अभिमुखीकरण गर्ने ।

४. यस प्रतिवेदनले औंल्याएका बाल संरक्षण सम्बन्धी सवालहरूको उचित सम्बोधन तथा रोकथामका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने र स्रोत साधनको सुनिश्चित गर्ने ।

५. स्थानीय तहका जोखिमी अवस्थाबाट उद्धार गरिएका बालबालिकालाई राख्ने आस्थायी संरक्षण सेवाको प्रबन्ध नभएकोले सो को व्यवस्थापन गर्ने ।

६. बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्रवर्द्धन गर्दै निःसंस्थाकरण एवम् बाल संरक्षण घटना व्यवस्थापन प्रणाली र सूचना प्रणालीको प्रयोग गर्ने ।

७. समग्र भैरवी गाउँपालिकालाई आगामी ५ वर्षभित्र बालमैत्री स्थानीय शासनको योजनामा जोड दिई बालमैत्री पालिका घोषणा गर्ने

८. माथि उल्लेखित विषयहरू कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोगका लागि संघ तथा प्रदेश सरकार एवम् विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने ।

नेपालको संविधान एवं विभिन्न कानूनहरू लगायत संयुक्त राष्ट्र सङ्घिय बाल अधिकार सम्बन्धी महासन्धिले सुनिश्चित गरेका बालबालिकाको अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र परिपालनाका लागि तीनै तहका सरकार, विकास साझेदार एवम् राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूको भूमिका उत्तिकै महत्वपूर्ण रहेको छ ।माथि उल्लेखित योजनाहरू कार्यान्वयनको लागि बालबालिकासंग सम्बन्धित नीति तथा कानूनलाई आधार मानि भैरवी गाउँपालिकाले तहगत सरकार, सरकारी तथा गैरसरकारी संघसंस्था लगायत सबै सरोकारवाला निकायसँग समन्वय, सहकार्य र साझेदारी गर्दै आगामी दिनहरूमा काम गर्नेछ । बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि केही सरोकारवालाहरूको भूमिका *अनुसूची-४* मा राखिएको छ ।

<u>**अनुसूचीहरू**</u>

**अनुसूची-१**

**गाउँपालिकास्तरीय बाल अधिकार समितिका पदाधिकारीहरूको विवरण**

| क्र.सं. | नाम | पद | सम्पर्क नं. | संस्थागत प्रतिनिधित्व |
|---|---|---|---|---|
| १ | देवी भण्डारी | संयोजक | ९८४८०७६२१२ | गा.पा. उपाध्यक्ष |
| २ | भक्त बहादुर मल्ल | सदस्य | ९८५८०६८६६८ | सा.वि.स. संयोजक |
| ३ | मिन बहादुर थापा | सदस्य | ९८४८०८८३५७ | वडाध्यक्ष |
| ४ | प्रतिक्षा गुरुङ्ग | सदस्य | ९८६९६५२८१० | कार्यपालिका सदस्य |
| ५ | डिल्लीराम आचार्य | सदस्य | ९८४८०७५९४५ | विद्यालय प्रधानाध्यापक |
| ६ | तारा रिजाल | सदस्य | ९८४५५९६९१५ | विद्यालय प्रधानाध्यापक |
| ७ | हिक्मत बहादुर वि.क. | सदस्य | ९८५८०७५५५५ | सामाजसेवी |
| ८ | विष्णु मन्त्री | सदस्य | ९८४८४३७७७९ | मनो सामाजिक परामर्शकर्ता |
| ९ | करुणाखर खत्री | सदस्य | ९८४८११४९७९ | स्वास्थ्यकर्मी |
| १० | उमेश जङ्ग कार्की | सदस्य | ९८६७४६६७८३ | शिक्षा शाखा |
| ११ | शमशेर बहादुर विष्ट | सदस्य | ९८५८०७४२३० | स्वास्थ्य शाखा |
| १२ | सुजन थापा | सदस्य | | बाल संजाल प्रतिनिधि |
| १३ | अनुष्का वि.क. | सदस्य | | बाल सञ्जाल प्रतिनिधि |
| १४ | धर्मराज ढुङ्गाना | सदस्य | | स्थानिय प्रहरी प्रतिनिधि |
| १५ | निर्मला कुमारी आचार्य | सदस्य सचिव | ९८४३६११३६६ | बाल कल्याण अधिकारी |

**वडा नं १** को वडा स्तरीय बाल अधिकार समितिका पदाधिकारीहरूको विवरणः

| क्र.सं. | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | डम्बर बहादुर कार्की | संयोजक | ९८४८०४९४३५ |
| २ | सहदेव जैसी | सदस्य | ९८६८२३७६४४ |
| ३ | विष्णा थापा | सदस्य | ९८४८२८४०३२ |
| ४ | श्याम बहादुर थापा | सदस्य | ९८४८१०६५७५ |
| ५ | नन्दा कुमारी बडुवाल | सदस्य | ९८४८००२००८ |
| ६ | लक्ष्मी कार्की | सदस्य | ९८४८०४१७२२ |

| क्र.सं. | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|
| ७ | हिक्मत थापा | सदस्य | ९८४३०१०२८७ |
| ८ | शेर बहादुर थापा | सदस्य | ९८६३१४५००८ |
| ९ | हेम बहादुर थापा | सदस्य सचिव | ९७६७५३८४८१ |

**वडा नं. २** को वडा स्तरीय बाल अधिकार समितिका पदाधिकारीहरूको विवरणः

| क्र.सं. | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | मिन बहादुर थापा | संयोजक | ९८४८०८८३५७ |
| २ | रत्ना कुमारी थापा | सदस्य | ९८६४९४६१७७ |
| ३ | टोप बहादुर थापा | सदस्य | ९८४८००६३०८ |
| ४ | कल्पना कुमारी थापा | सदस्य | |
| ५ | शोविन कुमार थापा | सदस्य | |
| ६ | जय बहादुर विष्ट | सदस्य | ९८४४८०५८५० |
| ७ | सिर्जना थापा | सदस्य | |
| ८ | आशाराम थापा | सदस्य | ९८४८१०८३५२ |
| ९ | लक्ष्मी कुमारी महतारा | सदस्य सचिव | ९८६९४५४०५० |

**वडा नं ३** को वडा स्तरीय बाल अधिकार समितिका पदाधिकारीहरूको विवरणः

| क्र.स. | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | भक्ति प्रसाद उपाध्याय | संयोजक | ९८५८०४२४८४ |
| २ | कविराज आचार्य | सदस्य | ९८४४८१८११० |
| ३ | कल्पना कुमारी सिंह | सदस्य | ९८४०४२९३९५ |
| ४ | विष्णु कुमारी अधिकरी घर्ती | सदस्य | ९८२६५३१६१९ |
| ५ | हिमा कुमारी वि.क | सदस्य | ९७०४१९४३४७ |
| ६ | सारदा कुमारी रिजाल | सदस्य | ९८६८९२७०३० |
| ७ | नन्दकला थापा | सदस्य | ९८२०४००३२६ |
| ८ | जुवारी मियाँ | सदस्य | ९८६७९५९१२८ |
| ९ | छविलाल नेपाली | सदस्य सचिव | ९७४२९६११५७ |

**वडा नं ४** को वडा स्तरीय बाल अधिकार समितिका पदाधिकारीहरूको विवरणः

| क्र.सं. | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | चक्र प्रसाद शर्मा | संयोजक | ९८४४८७०९१७ |
| २ | सुर्जकला थापा | सदस्य | |
| ३ | निरक बहादुर थापा | सदस्य | ९७०३०५७७५० |
| ४ | ललित अधिकारी | सदस्य | ९८४८०७५०१८ |
| ५ | डम्बर बहादुर थापा | सदस्य | ९८५८०८०१०९ |
| ६ | कौशिला थापा | सदस्य | |
| ७ | प्रकाश रिजाल | सदस्य | |
| ८ | शिव कुमारी थापा | सदस्य | ९८१२५७५१५६ |
| ९ | निर्मला रिजाल | सदस्य सचिव | ९८६८०९३४१० |

**वडा नं. ५** को वडास्तरीय बाल अधिकार समितिका पदाधिकारीहरूको विवरणः

| क्र.सं. | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | रत्न बहादुर थापा | संयोजक | ९७६७५२६९०८ |
| २ | झुमी विष्ट | सदस्य | |
| ३ | भद्रा अधिकारी | सदस्य | ९८४४८५७५४८ |
| ४ | शुशिला विष्ट | सदस्य | ९८०४५०५९२५ |
| ५ | खगेन्द्र राना | सदस्य | |
| ६ | निम प्रसाद उपाध्याय | सदस्य | ९८४७८९१४३६ |
| ७ | हिरासिंह विष्ट | सदस्य | ९८६८१३१७५२ |
| ८ | धन कुमारी राना | सदस्य | ९८६६९२६२९१ |
| ९ | मोहन सिजापती | सदस्य सचिव | ९८४३४०८९५६ |

**वडा नं. ६** को वडा स्तरीय बाल अधिकार समितिका पदाधिकारीहरूको विवरणः

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | तुल बहादुर हमाल | संयोजक | ९८६९६५०८६८ |
| २ | लक्ष्मी प्रसाद जैसी | सदस्य | ९८५८०५१३६२ |
| ३ | प्रतिक्षा गुरुङ्ग | सदस्य | ९८६९६५२८१० |

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| ४ | छविराम शर्मा | सदस्य | ९८६८९२७५२२ |
| ५ | श्याम प्रसाद आचार्य | सदस्य | ९८६४८३३२७२ |
| ६ | पुर्ण प्रसाद भण्डारी | सदस्य | |
| ७ | दिब्या गुरुङ्ग | सदस्य | |
| ८ | गरिमा गुरुङ्ग | सदस्य | ९७६२२०१९६९ |
| ९ | डिल्ली प्रकाश खनाल | सदस्य | ९८४८२८८१७१ |

**वडा नं. ७** को वडा स्तरीय बाल अधिकार समितिका पदाधिकारीहरूको विवरणः

| क्र.सं. | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | छविराम आचार्य | संयोजक | ९८४८२८६११८ |
| २ | उमा सुनार | सदस्य | ९८४८१०४७२३ |
| ३ | प्रेम बहादुर बुढा | सदस्य | ९८५८०६८२६८ |
| ४ | जय बहादुर बराल | सदस्य | ९८५८०७७२२८ |
| ५ | बसुन्धरा शर्मा | सदस्य | ९८४१९८६६७९ |
| ६ | अमृता गुरुङ्ग | सदस्य | ९७६९९८९५५६ |
| ७ | डिल्लीराम पौडेल | सदस्य | ९८४९७६९४५९ |
| ८ | कल्पना मिजार | सदस्य | |
| ९ | दयाराम जैसी | सदस्य सचिव | ९८४६९८६०२८ |

## अनुसूची-२

## भैरवी गाउँपालिकामा गठित बालक्लव तथा संजालको विवरण

| क्र.सं. | बाल क्लव तथा संजालको नाम | ठेगाना |
|---|---|---|
| १. | पालिका स्तरीय बाल संजाल | भैरवी गाउँपालिका, दैलेख |
| २. | वडा स्तरीय बाल संजाल | भैरवी गाउँपालिका १ |
| ३. | वडा स्तरीय बाल संजाल | भैरवी गाउँपालिका २ |
| ४. | वडा स्तरीय बाल संजाल | भैरवी गाउँपालिका ३ |
| ५. | वडा स्तरीय बाल संजाल | भैरवी गाउँपालिका ४ |
| ६. | वडा स्तरीय बाल संजाल | भैरवी गाउँपालिका ५ |

| क्र.सं. | बाल क्लव तथा संजालको नाम | ठेगाना |
| --- | --- | --- |
| ७. | वडा स्तरीय बाल संजाल | भैरवी गाउँपालिका ६ |
| ८. | वडा स्तरीय बाल संजाल | भैरवी गाउँपालिका ७ |
| ९. | सिर्जनशिल बाल क्लब | भैरवी गाउँपालिका १ |
| १०. | लालीगुराँस बाल क्लब | भैरवी गाउँपालिका १ |
| ११. | पञ्चकोशी बाल सञ्जाल समिति | भैरवी गाउँपालिका १ |
| १२. | पञ्चकोशी बाल सञ्जाल | भैरवी गाउँपालिका २ |
| १३. | मष्टा सिर्जनशिल बाल क्लब | भैरवी गाउँपालिका २ |
| १४. | प्रगतीशील बालक्लब | भैरवी गाउँपालिका २ |
| १५ | देउती बाल क्लब | भैरवी गाउँपालिका ३ |
| १६ | जनसेवा बाल क्लब | भैरवी गाउँपालिका ३ |
| १७ | सिर्जनशिल बाल क्लब | भैरवी गाउँपालिका ३ |
| १८ | रमाईलो बस्ती बाल क्लब | भैरवी गाउँपालिका ३ |
| १९ | फुलबारी बाल क्लब | भैरवी गाउँपालिका ३ |
| २० | हिमालयन बाल सञ्जाल | भैरवी गाउँपालिका ३ |
| २१ | निर्जला बाल क्लब | भैरवी गाउँपालिका ४ |
| २२ | फुलबारी बाल क्लब | भैरवी गाउँपालिका ४ |
| २३ | लालीगुँरास बाल क्लब | भैरवी गाउँपालिका ४ |
| २४ | समाज सुधार बाल क्लब | भैरवी गाउँपालिका ५ |
| २५ | सरस्वी बाल क्लब | भैरवी गाउँपालिका ५ |
| २६ | चिल्ड्रेनसेप बाल क्लब | भैरवी गाउँपालिका ५ |
| २७ | घुम्नेखाली बाल सञ्जाल | भैरवी गाउँपालिका ६ |
| २८ | सरस्वती बालक्लब | भैरवी गाउँपालिका ६ |
| २९ | सहिद बालक्लब | भैरवी गाउँपालिका ६ |
| ३० | सुसान बालक्लब | भैरवी गाउँपालिका ६ |
| ३१ | भगवती बालक्लब | भैरवी गाउँपालिका ७ |
| ३२ | डाँफेमुनाल बालक्लब | भैरवी गाउँपालिका ७ |
| ३३ | राष्ट्रिय बालक्लब | भैरवी गाउँपालिका ७ |
| ३४ | महादेव बालक्लब | भैरवी गाउँपालिका ७ |

## अनुसूची-३

## भैरवी गाउँपालिका स्थित विद्यालय प्रधानाध्यापकको सम्पर्क नम्बर

| क्र.सं. | विद्यालय कोड नं | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | ६००३२०००१ | श्री हिमालय मा.वि. डाडिमाडी | माधव प्रसाद तिमिल्सेना | ९८५८०५११५४ |
| २ | ६००४७०००१ | श्री पञ्चदेवल मा.वि. रावतकोट | वाल बहादुर विश्वकर्मा | ९८६८१२२००९ |
| ३ | ६००२७०००१ | आदर्श मा.वि. घुम्नेखाली | खगेन्द्र बहादुर शाही | ९८५२०४४२१२ |
| ४ | ६००२७०००७ | महादेव मा.वि. पानिपोखरा | कृष्ण प्रसाद शर्मा | ९८६६२०८११९ |
| ५ | ६००३२०००२ | गौरी मा.वि. बालेकाडा | प्रेम बहादुर विष्ट | ९८४८०७४०८५ |
| ६ | ६००३२०००५ | मष्टामाडु मा.वि. डोक्रा | घन बहादुर सुनारी | ९८४८१४०४५० |
| ७ | ६००४७०००२ | श्री नेरा आवि महतारागाउँ | श्याम बहादुर थापा | ९८४८१०६५७५ |
| ८ | ६००४७०००३ | श्री मष्टा आवि मष्टास्थान | राज बहादुर थापा | ९८४८१७५२६० |
| ९ | ६०००४०००३ | श्री नेरा आवि छड्ने | गोपाल प्रसाद तिमिल्सेना | ९८४८११५८७८ |
| १० | ६०००४००११ | श्री देउती आवि कुर्म | देविराम आचार्य | ९८५८०५०१३५ |
| ११ | ६००२७००११ | श्री शहिद आवि काफलडाडा | हेम बहादुर गुरुङ्ग | ९८४८११६७८१ |
| १२ | ६००२७०००३ | श्री सरस्वती आवि कुर्माकोट | छविराम शर्मा | ९८६८९२७५२२ |
| १३ | ६००२७०००२ | श्री भगवती आवि कुसापानी | धन बहादुर थापा | ९८४८०७८०३५ |
| १४ | ६००२७०००६ | श्री नेरा आवि मान्म | नगेन्द्र प्रसाद पौडेल | ९७४५५०३०९५ |
| १५ | ६००२७०००४ | श्री नेरा आवि डाडासरु | बसुन्धरा कुमारी शर्मा | ९८४१९८६६७९ |
| १६ | ६००२७००१० | श्री पुष्पलाल आवि भित्रिखोला | तारा कुमारी अधिकारी | ९८६४८८०२०९ |
| १७ | ६००४७०००५ | श्री रत्न प्रावि कैन | तारा कुमारी रिजाल | ९८५५५९६९१५ |
| १८ | ६००४७०००४ | श्री जनसेवा प्रावि कोलडाडा | डिल्ली प्रसाद आचार्य | ९८४४८४२९१८ |
| १९ | ६०००४०००५ | श्री जनसेवा प्रावि भुवाटाकुरा | कनक बहादुर शाही | ९८६०९८९४५५ |
| २० | ६०००४०००६ | श्री मदरसा प्रावि कुराहा | भक्ति प्रसाद उपाध्याय | ९८४८१३०४८४ |
| २१ | ६००३२०००४ | श्री नेरा आवि थापाबाडा | उपेन्द्र ध्वज खाड | ९८६४७९५०४३ |
| २२ | ६००३२०००६ | श्री मष्टा प्रावि बाहाचौर | गणेश प्रसाद रिजाल | ९८४८१३८८६५ |
| २३ | ६००३२०००८ | श्री देउतीबजै प्रावि सिमाखाली | भद्रा कुमारी अधिकारी | ९८४४८५७५४८ |
| २४ | ६००३२०००७ | श्री भैरव प्रा वि वरपिपल | चम्फा कुमारी शर्मा | ९८४३७१६३२७ |
| २५ | ६००३२०००३ | श्री यूवा प्रा वि वुढाना | वलिराम थापा | ९७६२५४२९५५ |
| २६ | ६००२३०००९ | श्री गणेश प्रा वि तोरीमुल | पार्वति कुमारी वि क | ९८४९३३४०१५ |
| २७ | ६००२७०००८ | श्री भक्ति प्रा वि कुसापानी | श्याम प्रसाद आचार्य | ९८६४८३३२७२ |
| २८ | ६००२७००१४ | श्री मदनआश्रित प्रावि कुसापानी | भक्त बहादुर खनाल | ९८६५५८३३९० |

| क्र.सं. | विद्यालय कोड नं | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| २९ | ६००२७०००९ | श्री मनमोहन प्रावि डाडाबारी | गौरी कुमारी सुनारी | ९८६८३४०३७० |
| ३० | ६००२७०००५ | श्री मंगला प्रावि कंडेनी | रत्न प्रसाद आचार्य | ९८४८०३९३७४ |
| ३१ | ६००२७००१३ | श्री हिमालय प्रावि ब्याउली | डब्बल विक | ९८६४३६९३३५ |
| ३२ | ६००४७०००६ | श्री जनता प्रावि गैराखाडी | नन्दा कुमारी बडुवाल | ९८४८००२००८ |
| ३३ | ६००४७०००७ | श्री जनकल्याण प्रावि जलजले | अनिता कुमारी भण्डारी | ९८४८११०४८६ |
| ३४ | ६०००४०००८ | श्री जगनाथ प्रावि लम्जी | शारदा कुमारी रिजाल | ९८६८९२७०३० |
| ३५ | ६००३२००१२ | श्री देउती प्रावि चौड | नन्दा कुमारी खनाल | ९८२२४१४३८४ |
| ३६ | ६००३२००१३ | श्री सरस्वती प्रावि सैन | दिपेन्द्र प्रसाद खनाल | ९७४९५१८८४७ |
| ३७ | ६००३२००१० | श्री जनसेवा प्रावि देउल | हरि प्रसाद उपाध्याय | ९८१२५६४१५४ |
| ३८ | ६००३२००११ | श्री पञ्चकोशी प्रावि बाजटाकुरा | पवित्रा कुमारी शाही | ९८६५०२२७९२ |
| ३९ | ६००२७००१६ | श्री पञ्चकोशी प्रावि कुसापानी | भरत गुरुङ्ग | ९८६५३२३३८८ |
| ४० | ६००२७००१७ | श्री मालिका प्रावि गाबुगौडा | दुर्गा प्रसाद अधिकारी | ९८६४८८०९४७ |
| ४१ | ६००२७००१९ | श्री दोर्णाचल प्रावि देउले | भगवती कुमारी रिजाल | ९८६४७२६८४६ |
| ४२ | ६००२७००१२ | श्री बासुधरा प्रावि माथेगाउँ | विष्णा कुमारी शाही | ९८२५५०२९९२ |

## भैरवी गाउँपालिकास्थित बालविकास कार्यकर्ताको नाम, थर र सम्पर्क नम्बर

| क्र.सं. | वालविकासको नाम | सहयोगी कार्यकर्ताको नाम | सम्पर्क नम्बर | कै. |
|---|---|---|---|---|
| १ | श्री छामघाट वा.वि.के. भैरवी १ | लक्ष्मी कुमारी थापा | ९८२९६०४०६१ | |
| २ | श्री पञ्चकोशी वा.वि.के. भैरवी १ | देवी कुमारी विष्ट | ९८४८२४२५३४ | |
| ३ | मष्टास्थान वा.वि.के. भैरवी १ | कमला कुमारी महतारा | ९८६९७३४५४५ | |
| ४ | श्री माईपुञ्छ्रे वा.वि.के. भैरवी १ | राम कुमारी विष्ट | ९८१२५८०१२६ | |
| ५ | श्री मिलनबजार वा.वि.के. भैरवी २ | पुष्पा कुमारी थापा | ९८४८२३९६५७ | |
| ६ | श्री ज्वाला वा.वि.के. भैरवी २ | पार्वती भण्डारी | ९८१२४१०९८० | |
| ७ | श्री मष्टा वा.वि.के. भैरवी २ | चित्रा देवी थापा | ९८२४५४६०३१ | |
| ८ | श्री भगवती वा.वि.के. भैरवी ३ | भद्रा कुमारी शाही | ९८४८९७६४४३ | |
| ९ | श्री चौतारी वा.वि.के. भैरवी ३ | नन्दा कुमारी नेपाली | ९८२५५१३७५८ | |
| १० | श्री चन्चले वा.वि.के. भैरवी ३ | हरिदेवी खनाल | ९८१९५२२४३६ | |
| ११ | श्री नाउलीचौर वा.वि.के. भैरवी ३ | दुर्गा कुमारी शर्मा | ९८४७५६५१८७ | |
| १२ | श्री रुमालस्थान वा.वि.के. भैरवी ३ | छविसरा सुवेदी | ९८१५५५०५८४ | |
| १३ | श्री पञ्चदेवल वा.वि.के. भैरवी ३ | तुल्सी कुमारी उपाध्याय | ९८६८०९१६०९ | |

| क्र.सं. | वालविकासको नाम | सहयोगी कार्यकर्ताको नाम | सम्पर्क नम्बर | कै. |
|---|---|---|---|---|
| १४ | श्री लक्ष्मी वा.वि.के. भैरवी ४ | वसन्ता कुमारी शर्मा | ९८४३२६००९८ | |
| १५ | श्री भैरवी वा.वि.के. भैरवी ४ | नन्दा कुमारी विक | ९८६८६६३४३६ | |
| १६ | श्री नवकालिका वा.वि.के. भैरवी ५ | तुल्सी कुमारी मल्ल | ९८४५८८०८६५ | |
| १७ | श्री दलित जनजागरण वा.वि.के. भैरवी ५ | कमला कुमारी शाही | ९८४२२८४३८१ | |
| १८ | श्री भुमदेव वा.वि.के. भैरवी ५ | नन्दा कुमारी थापा | ९८४८०८५७०३ | |
| १९ | श्री चन्द्रसुर्य वा.वि.के. भैरवी ५ | संगिता कुमारी थापा | ९८६६२६९५७९ | |
| २० | श्री जनसेवा वा.वि.के. भैरवी ५ | पवित्रा कुमारी राना | ९७४२९५१९८९ | |
| २१ | श्री देउती वा.वि.के. भैरवी ५ | रिक्त | | |
| २२ | श्री मदना वा.वि.के. भैरवी ५ | सावित्रा कुमारी रिजाल | ९८४९६८७०३१ | |
| २३ | श्री जनकल्याण वा.वि.के. भैरवी ६ | पद्मा विक | ९८४८३४६४१४ | |
| २४ | श्री चिप्लेपहरा वा.वि.के. भैरवी ६ | वसन्ता कुमारी गुरुङ्ग | ९८६६६०९१९५ | |
| २५ | श्री कुटी वा.वि.के. भैरवी ६ | विष्णा कुमारी गौतम | ९७६७८८२६२२ | |
| २६ | श्री सचेतना वा.वि.के. भैरवी ७ | अमृता कुमारी आचार्य | ९८८३४१५६४ | |

## अनुसूची ४

## बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि शिक्षकहरूले के गर्नुपर्छ ?

१. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन आवश्यक पहल गर्ने ।

२. विद्यालयमा भय तथा हिंसा रहित सिकाईका उपायहरू अवलम्वन गरी शिक्षण सिकाइ गर्ने ।

३. विद्यालयमा बालबालिकाका विरुद्ध कुनै पनि हिंसा तथा दुर्व्यवहारका घटना भएमा सो को उजूरी गर्ने र बालबालिकालाई समेत उजूरी सम्बन्धी संयन्त्रको वारेमा जानकारी दिने ।

४. शैक्षिक संस्थामा धुम्रपान, मध्यपान, सुर्तिजन्य पदार्थ तथा जंङ्कफुड निषेध गर्दै यस्ता सामाग्रीहरू विद्यालय वरीपरी बिक्रिवितरण नहुने सुनिश्चितताका लागि आवश्यक पहल गर्ने ।

५. विद्यालयमा बाल सहभागीता प्रवर्धन, बालक्लब गठन लगायत विभिन्न सिर्जनात्मक क्रियाकलापहरूमा बालबालिकाको सहभागिताका लागि सहजिकरण गर्ने ।

६. बालबालिका विरुद्ध कुनै हिंसा वा दुर्व्यवहार भएमा सो को जानकारी तत्काल बाल हेल्पलाइन सेवा १०९८ वा नजिकको प्रहरी कार्यालयमा गराउने ।

## बालअधिकार संरक्षण र प्रवर्द्धन गर्नका लागि पालिकाले अवलम्वन गर्नुपर्ने कार्यहरू

१. बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी ऐन कानुन तथा कार्यविधिको निर्माण गरी लागू गर्ने ।

२. स्थानीय बाल अधिकार समितिको गठन गरि क्रियासिलता बढाउने ।

३. बालकल्याण अधिकारी नियूक्ति गर्ने ।

४. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सेवा प्रवाहका लागि बालकोषको स्थापना तथा परिचालन गर्ने ।

५. बालबालिकाको हकहित र अधिकारको संरक्षण तथा संम्वर्द्धनका लागि प्राप्त लगानीको व्यवस्था गर्ने ।

६. स्थानीय तहको बालबालिका सम्बन्धी योजना निर्माण प्रक्रियामा बाल सहभागिताको सुनिश्चितता गर्ने ।

७. बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने ।

८. हिंसा, दुर्व्यवहार, कसुरवाट पिडित तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको सुनिश्चितता गर्ने ।

९. सवै बालबालिकाको शिक्षा, स्वास्थ्य र पहिचान (जन्मदर्ता/नागरिकता) को अधिकार सनिश्चितता गर्ने ।

१०. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने ।

११. कुनैपनि बालबालिकालाई दलगत राजनितिमा संलग्न नगराउने र अरुलाई पनि गर्न नदिने ।

१२. स्थानीय तहलाई बालमैत्री स्थानीय तह बनाउने ।

## स्थानीय तहमा बाल कल्याण अधिकारीले गर्नुपर्ने कार्यहरू

१. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिमको बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

२. बालबालिका सम्बन्धी ऐनको दफा ४९ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बैकल्पिक हेरचाहको व्यवस्था गर्ने ।

३. स्थानीय तहमा बालक्लव, बालक्लव संजाल, विद्यालय तथा शैक्षिक संस्था र स्वास्थ्य संस्थाहरूमा बालअधिकार संरक्षण र संवर्द्धनका लागि आवश्यक सहजीकरण गर्ने ।

४. स्थानीय तहमा बालबालिका सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन र मुलप्रवाहीकरण गर्न आवश्यक पहल गर्ने ।

५. स्थानीय तहमा बालबालिका सम्बन्धी खण्डिकृत तथ्यांक संकलन, व्यवस्थापन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।

६. स्थानीय तहभित्र भएका बैकल्पिक हेरचाहको व्यवस्था, पुनःस्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकुल, गुम्वा, मदरसा, चर्च जस्ता आवासीय गृहमा रहेका बालबालिका र अवस्थाको बारेमा जानकारी संकलन र अभिलेखिकरण गर्ने ।

७. बाल संरक्षण कार्यमा स्थानीय तहमा सूचीकृत समाजसेवी र बालमनोविज्ञको परिचालन गर्ने ।

८. बालबालिका सम्वनेधी ऐनको दफा २९(१) (च) बमोजिम बालकल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी दिशान्तर प्रक्रियामा पठाईएका बालबालिकाको सुपरिवेक्षण गर्ने ।

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ बमोजिम बैकल्पिक हेरचाहका लागि कानुन बमोजिम स्थानीय तहमा नियूक्त समाजसेवी वा बालमनोविज्ञले दिएको बालबालिकाको

अवस्थाको अध्ययन प्रतिवेदनको आधारमा बालकल्याण अधिकारीले निम्नानुसार बैकल्पिक हेरचाहको व्यवस्था गर्नुपर्दछ ।

१. बालबालिकाको इच्छा बमोजिम बैकल्पिक स्याहारका लागि इच्छुक नातेदारमा संरक्षण गर्ने गरी हेरचाहको व्यवस्था मिलाउने ।
२. बुदा नं १ अनुसारको कुनै नातेदार नभएमा वा नातेदार भएतापनि त्यस्ता नातेदार उपयूक्त नभएमा वा सम्बन्धीत बालबालिकाले त्यस्ता नातेदारको हेरचाहमा वस्न इच्छा नगरेमा दोश्रो प्राथमिकतामा स्थानीय तहमा स्वीकृत इच्छुक परिवार वा व्यक्तिमा हेरचाहको व्यवस्था मिलाउने ।
३. बुदा नं २ अनुसारको स्थानीय तहमा कुनै परिवार वा व्यक्ति इच्छुक नभएमा वा बालबालिकाले त्यस्तो परिवार वा व्यक्तिको हेरचाहमा वस्ने इच्छा गरेमा तेस्रो प्राथमिकतामा स्थानीय तहमा सुचीकृत परिवारमा आधारित हेरचाह गर्ने संस्थामा त्यस्तो बालबालिकाको हेरचाहको व्यवस्था गर्ने ।
४. बुदा नं १, २, र ३ बमोजिमको प्राथमिकतामा आधारमा बैकल्पिक हेरचाहको व्यवस्था हुन नसकेमा मात्र अन्तिम विकल्पको रूपमा बैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई सम्भव भए सम्म सवैभन्दा नजिकको बालगृहमा अस्थायी संरक्षण उपलव्ध गराउने ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिम देहायका बालबालिकालाई मात्र बैकल्पिक हेरचाहमा राख्न सकिन्छ ।

**अनुसूची-५**

**शैक्षिक वर्ष २०८२ मा तहगत रूपमा विद्यालयमा भर्ना भएका विद्यार्थीको संख्या ECD–५ कक्षा**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| ECD | २३१ | २१५ | ४४६ |
| कक्षा १ | ३४३ | ३५७ | ७०० |
| कक्षा २ | २६१ | २२७ | ४८८ |
| कक्षा ३ | २६१ | २३९ | ५०० |
| कक्षा ४ | २५६ | २०६ | ४६२ |
| कक्षा ५ | २४० | २२७ | ४६७ |
| **ECD देखि कक्षा ५ सम्म** | **१५९२** | **१४७१** | **३०६३** |

शैक्षिक वर्ष २०८२ मा तहगत रूपमा विद्यालयमा भर्ना भएका विद्यार्थीको विवरण ६ – ८ कक्षासम्म

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा ६ | २१८ | २२० | ४३८ |
| कक्षा ७ | २२३ | १८९ | ४१२ |
| कक्षा ८ | २१३ | १८३ | ३९६ |
| आधारभुत तह ६-८ | ४५४ | ५९२ | १२४६ |

शैक्षिक वर्ष २०८२ मा तहगत रूपमा विद्यालयमा भर्ना भएका विद्यार्थीको विवरण ९–१० कक्षासम्म

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा ९ | २०० | १८८ | ३८८ |
| कक्षा १० | १८० | १५१ | ३३१ |
| माध्यमिक तह ९-१० | ३८० | ३३९ | ७१९ |

शैक्षिक वर्ष २०८२ मा तहगत रूपमा विद्यालयमा भर्ना भएका विद्यार्थीको विवरण ११– १२ कक्षासम्म

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा ११ | ११६ | ९६ | २१२ |
| कक्षा १२ | ५१ | ५३ | १०४ |
| **ECD** देखि १२ सम्मको जम्मा विद्यार्थी संख्या | १६७ | १४९ | ३१६ |